# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

पाठ्यक्रमको निर्माण तथा विकास पश्चात त्यसका आधारमा कक्षा शिक्षण गर्नु गराउनुलाई पाठ्यक्रमको कार्यान्वयन भनिन्छ । अर्थात कार्यान्ययन भनेको पाठ्यक्रम लागु गर्नु हो । पाठ्यक्रम कार्यान्वयनको थलो विद्यालय हो । पाठ्यक्रम कार्यान्वयन गरेर मात्र पुग्दैन त्यसमा आएका कमी कमजोरी, टीका टिप्पणी लगायत राम्रा नराम्रा पक्षहरुको लेखा जोखा समेत गर्नु पर्दछ । जसलाई पाठ्यक्रम कार्यान्यनको मूल्याङ्कन भिन्न कार्यान्वयनको मूल्याङ्कन दुवै विषयहरु समावेश भएका हुन्छन् । यी दुवै विषयमा सुपरीवेक्षकले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्नु पर्दछ ।

सुपरिवेक्षण प्रणालीमा सुपरिवेक्षकले निर्वाह गर्नुपर्ने दायित्वलाई सुपरिवेक्षकका भूमिकाहरु भनिन्छ । यो एक चुनौतीपूर्ण कार्य हो । यस कार्यलाई सु-सम्पन्न गर्न विद्यालय तहसम्म काम गर्नु पर्ने हुन्छ । सुपरिवेक्षकले आफ्नो काम कर्तव्य र अधिकारलाई पालना गर्दा उसले विभिन्न किसिमका भूमिकाहरु निभाउनु पर्ने हुन्छ । शर्मा र शर्मा (२०६१) का अनुसार सुपरिबेक्षकले निम्न भूमिका निभाउनु पर्छ ।

क) सुपरिवेक्षकको काम कर्तव्य र अधिकारको भूमिका

ख) शिक्षकहरुको पेशागत विकास र सकारात्मक मनोबृतिमा सुपरिवेक्षकको भूमिका

ग) मानवीय प्रतिभाको प्रस्फुरणमा सुपरिवेक्षकको भूमिका

घ) शिक्षकको लागि निरन्तर शिक्षामा सुपरिवेक्षकको भूमिका

ङ) शैक्षिक नेतृत्व प्रदानमा सुपरिवेक्षकको भूमिका

च) सुपरिवेक्षण कार्यक्रमको विकासमा सुपरिवेक्षकको भूमिका

छ) कार्यशाला व्यवस्थान र कार्यान्वयनमा सुपरिवेक्षकको भूमिका

ज) परामर्श सभाको व्यवस्था र कार्यान्वयनमा सुपरिवेक्षकको भूमिका

उपरोक्त भूमिकाहरुको आधारमा विद्यालय शिक्षण सिकाइको वातावरण अनुकुल पारी शैक्षिक स्तर बृद्धि गर्न सुपरिवेक्षकको महत्वपूर्ण भूमिका हुन्छ । विद्यालय सुपरिवेक्षणलाई शिक्षाको उद्देश्य, संगठन पाठ्यक्रम, शिक्षण विधि, शिक्षण समग्रीको प्रयोग परीक्षा पद्धति, शैक्षिक प्रशासन अतिरिक्त कृयाकलाप, आधुनिक धारणा र प्रविधिहरुका साथै शिक्षा ऐन नियमावली आदि वारेमा राम्रो जानकारी हुनु जरुरी छ । त्यसैले सुपरीवेक्षक बहु प्रतिभा भएको शैक्षिक व्यक्तित्व हो । र, उसले विभिन्न अवस्थामा विभिन्न प्रकारका भूमिकाहरु निर्वाह गर्नु पर्दछ ।

शिक्षा ब्यक्तित्व विकासको मूल आधार र देश विकासको पूर्वाधार एवं मेरुदण्ड नै भएकाले यसको आवश्यकता र महत्व सर्वाधिक छ । विज्ञान र प्रविधिको विकास र विस्तार गर्ने सशक्त माध्यम भनेको शिक्षा नै हो । शिक्षाले ब्यक्तिलाई जीवन र जगतप्रतिको दृष्टिकोण निर्माण गर्न ब्यवहारिक हुन सघाउने मात्र हैन जीवनोपयोगी र आर्थिक दक्षता हासिल गरेर गुणस्तरीय एवं सार्थक जीवनस्तर कायम गर्न समेत सहयोग पुऱ्याउँछ ।

नेपालमा औपचारिक शिक्षाको सुरुवात भने राणा शासन कालमा भएको पाइन्छ । जंग बहादुर राणाले नेपालमा वि.सं. १९१० मा दरवार स्कूलको स्थापना गरे । यो नै नेपालको सर्वप्रथम खोलिएको स्कूल हो । यस स्कूलको प्र.अ. मि. क्यानिङ लाई बनाइयो भने सुपरिवेक्षण गर्ने सुपरिवेक्षकमा मि. रस लाई नियुक्त गरियो (शर्मा २०५०) । यसपछि नेपालमा फाट्ट फुट्ट रुपमा राणा शासन कालभर विद्यालय स्थापना हुँदै गए भने वि.सं. २००७ मा प्रजातन्त्र स्थापना भए पश्चात विद्यालयहरु च्याउ उम्रे झैं उम्रन थाले । यसरी विद्यालय संख्यामा वृद्धि हुँदै गएपछि विद्यालय स्थापनाको उद्देश्य प्राप्तिका लागि विद्यालयमा सुपरिवेक्षणको अझ बढी आवश्यकता महशुस भयो (शर्मा एण्ड शर्मा,२०५९) ।

कुनै पनि कामको स्थिति,परिवेश,अवस्था र त्यसको प्रभावकारिताको लेखाजोखा गर्नु, जाँचबुझ गर्नु निरीक्षण हो । शैक्षिक क्षेत्रको सन्दर्भमा निरीक्षण भन्नाले सम्पूर्ण शैक्षणिक प्रशासनिक क्षेत्रको लेखाजोखा र मूल्यांकनसँग समेत सम्बन्ध राख्दछ । निरीक्षण शब्दलाई, बिकासको कममा सुपरिवेक्षणसँग गाँस्न थालेपछि निरीक्षण प्रकृयाको सङ्कुचित घेरालाई तोडेर फराकिलो बनाएको छ । शिक्षकले के पढाउँदै छ ? कसरी पढाउँदै छ ? उसको अध्यापनले विद्यार्थीमा के कस्तो प्रभाव पारेको छ ? शिक्षण सिकाई प्रकृयामा के कस्तो समस्याहरु आएका छन् ? त्यसको गहन अध्ययन, अवलोकन गर्ने र सोको समाधान गर्नु नै शैक्षिक सुपरिवेक्षण हो (काफ्ले, श्रेष्ठ र सिन्हा २०५९) ।

शैक्षिक सुपरिवेक्षणको शुरुआत सर्व प्रथम अमेरिकाबाट भएको हो । सुरुसुरुमा सुपरिवेक्षणलाई निरीक्षण भनिन्थ्यो । यसलाई नितान्त प्रशासनिक कामको रूपमा मात्र लिने गरिन्थ्यो । निरीक्षणले मात्र पर्याप्त शैक्षिक सुधार नहुने भएकोले आज आएर नौलो धारणाको रूपमा सुपरिवेक्षण हुनुपर्ने मान्यता आएको हो । निरीक्षणको अर्थ विद्यमान अवस्थाको जाँचवुझ गर्नु हो भने सुपरिवेक्षणको अर्थ विद्यमान अवस्थाको यथार्थ अध्ययन गरी आवश्यकता अनुसार सुधार तथा विकास गर्न दिइने सुझाव, गरिने सहयोग तथा यसै सम्बन्धी क्रियाकलाप हो । सुपरिवेक्षण विशेष गरेर शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन गरिन्छ (प्रा.वि. व्यवस्थापन तालिम पुस्तिका, २०५९) ।

नेपालमा शैक्षिक सुपरिवेक्षणको आवश्यकता पर्नाको ऐतिहासिक पृष्ठभूमि देखाउनु यहाँ सान्दर्भिक हुन्छ । प्राचिन कालको गुरुकुल शिक्षा प्रणालीमा शिक्षा दिने संस्था र शिक्षा लिने शिष्य पनि कम थिए । त्यसैले त्यसबेलाको शैक्षिक व्यवस्थापन गुरु एक्लैले गर्न सक्थे । लिच्छवी, मल्ल र शाह कालमा समेत शैक्षिक संस्था र शिक्षार्थी सीमित नै थिए । त्यसैले शिक्षामा रेखदेख सजिलै पुग्थ्यो । तर वि.सं.१९९६ मा शिक्षा इस्तीहार जारी भएपछि नेपालमा विद्यालय खोल्ने एउटा लहर नै चल्यो । विद्यालय, विद्यार्थी, शिक्षक, भौतिक सुविधा, शैक्षिक प्रक्रियाका क्षेत्रमा सङ्ख्यात्मक वृद्धि हुन गयो । तर यो अवस्था व्यवस्थित रूपमा रहन सकेन र शैक्षिक गुणस्तर वृद्धि हुन सकेन । त्यसैले यसलाई व्यवस्थित गर्न र गुणात्मक विकासका लागि निरीक्षण प्रक्रियाको आवश्यकता महसुस हुन गयो (अन्तर्राष्ट्रिय शैक्षिक मञ्च, २०६१) ।

नेपालमा शैक्षिक सुपरिवेक्षणको सुरुवात र विकासक्रमलाई खोजी गर्दा प्राचिन कालीन गुरुकुल शिक्षा प्रणालीसम्म पुग्नुपर्ने हुन्छ । यस शिक्षा प्रणालीमा शिक्षा दिने गुरुहरूले नै निरीक्षकको भूमिका निर्वाह गर्दथे । बौद्ध शिक्षाअन्तर्गत भिक्षुहरू र लामाहरूद्वारा प्राकृत र पाली भाषामा शिक्षा दिइन्थ्यो र उनीहरूले नै निरीक्षकको भूमिका निर्वाह गरेको पाइन्छ । लिच्छवी, मल्ल कालमा पनि यस्तै अवस्था थियो । नेपालमा औपचारिक निरीक्षण प्रणालीको सुरुवात भने राणा शासन कालमा भएको मानिन्छ । वि.सं. १९१० मा जंगबहादुर राणाले दरबार स्कूलको स्थापना गरेपछि प्र.अ.मा Mr.Canning र स्कूलको सुपरिवेक्षणको जिम्मा Mr.Ross लाई दिइयो । यो नै नेपालमा औपचारिक रूपमा सुपरिवेक्षण प्रक्रियाको प्रारम्भ हो भन्न सकिन्छ । वि.सं. १९१५ मा जंगबहादुर राणाले शिक्षा विभाग खडा गरी ववरजंग

राणालाई पहिलो "Director General of Public Instruction नियुक्त गरे । वि.सं. १९३२ मा भोजपुरको दिङलामा संस्कृत पाठशालाको स्थापना भयो । देव शमशेरको पालामा काठमाडौं उपत्यकामा ५० र बाहिर करिव १०० जति भाषा पाठशालाहरूको स्थापना भयो । उनको पालामा सुपरिवेक्षकको भूमिका डाइरेक्टर चन्द्र शमसेरले गरेका थिए । वि.सं. १९७६ मा भाषा पाठशालाको निरीक्षण गर्न पाठशाला बन्दोवस्त इन्स्पेक्टरी अफिस खडा गरियो (शर्मा, २०५०) ।

वि.सं. १९८९ मा अंग्रेजी शिक्षाको लागि डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सनमा मृगेन्द्र शमसेर ज.व.रा. लाई र संस्कृत शिक्षाका लागि निरीक्षण सुपरिवेक्षण गर्न पण्डित हेमराज पाण्डेलाई डाइरेक्टरमा नियुक्त गरियो । सन १९७६ मा भाषा पाठशालाहरूको निरीक्षण गर्न पाठशाला बन्दोवस्त इन्स्पेक्टरी अफिस खडा गरियो । वि.सं. १९९६ मा शिक्षा सम्बन्धी इस्तिहार जारी गरी सुपरिवेक्षण सम्बन्धी स्पष्ट कानूनी अवधारणा ल्याइयो । वि.सं. १९९८ मा अंग्रेजी विद्यालयहरूको भौतिक अवस्था, शिक्षकको शैक्षिक योग्यता र पठनपाठनको स्तर निरीक्षण गर्न इन्स्पेक्टर अफ स्कूल अफिस खडा गरी वि.सं. १९९९ मा सूर्यप्रसाद उपाध्यायलाई नेपालकै पहिलो सुपरिवेक्षकको रूपमा नियुक्त गरियो । विद्यालयहरूको निरीक्षणलाई विस्तार गर्न वि.सं. २००३ देखि चिफ इन्स्पेक्टर अफ स्कूल अफिस स्थापना गरी जनकपुर र पाल्पामा एकएक ओटा डेपुटी इन्स्पेक्टर अफ स्कूल अफिस स्थापना गरी विद्यालय निरीक्षणमा व्यापकता ल्याइयो । काठमाडौं उपत्यका बाहिरका शिक्षक कर्मचारीहरूको छड्के हाजिरी गर्न दौडाहाको व्यवस्था गरियो  भने उपत्यका भित्र हाजिरी गोश्वारा अड्डाबाटै छड्के गर्ने व्यवस्था गरियो । वि.स. २००७ मा प्रजातन्त्र स्थापना भएपछि शिक्षा प्रशासन हेर्ने शिक्षा मन्त्रालय स्थापना भयो । यसको प्रमुखमा शिक्षा मन्त्री र सहयोगी अन्य कर्मचारीहरूको व्यवस्था गरी सचिवालयको स्थापना गरियो । प्रजातन्त्र प्राप्ति पछि विद्यालयको सङ्ख्यामा तिव्र वृद्धिले शिक्षा प्रशासनमा जटिलता आयो (पौडेल, २०५० ) ।

त्यसैले वि.सं. २०10 देखि नेपाल अधिराज्यलाई ७ डिभिजनल इन्स्पेक्टर अफ स्कूल खडा गरी शैक्षिक प्रशासन र निरीक्षणलाई विकेन्द्रित गरियो । ती सात क्षेत्रहरू धनकुटा, जनकपुर, काठमाडौं, पोखरा, डोटी तौलिहवा र नेपालगञ्ज थिए । सात डिभिजन इन्स्पेक्टरहरूबाट निरीक्षणको काम अपुग भएकोले वि.सं. २०१४ मा ३१ ओटा सव

इन्स्पेक्टर अफिसहरू खडा गरियो । वि.सं. २०१८ मा सात डिभिजनल इस्पेक्टर अफ स्कूलको सट्टा १४ ओटा अञ्चल शिक्षा अधिकारीका कार्यालयहरू स्थापना गरिए र जिल्ला स्तरमा प्राथमिक विद्यालयको निरीक्षण र प्रशासन सम्बन्धी काम ७५ जिल्लामा स्थापना भएका डिभलपमेन्ट अफिसर मार्फत गरिने भयो । राष्ट्रिय शिक्षा योजना आयोग २०११ को सिफारिसले शिक्षा व्यवस्थापन र सुपरिवेक्षणलाई एउटै सिक्काको दुई पाटाका रुपमा स्वीकारेको छ भने योजनावद्ध रुपमा सुपरिवेक्षणको सुरुवात यही आयोगबाट भयो । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (२०१८) को सुझावले समेत जिल्ला शिक्षा निरीक्षक, अञ्चल शिक्षा अधिकारी र शिक्षा निर्देशकका पदहरु कायमै राखी शिक्षा नियमावली (शिक्षा व्यवहार विधि) समेत प्रस्तुत गऱ्यो तर उक्त व्यवहार विधि लागू हुन सकेन । यो सिफारिश अनुसार अञ्चल शिक्षा अधिकारीले आफ्नो क्षेत्र भित्र र स्थानीय तहमा जिल्ला शिक्षा निरीक्षकका कामहरु निर्धारण गऱ्यो (शर्मा एण्ड शर्मा, २०५९) ।

पञ्चायती व्यवस्था अनुकुल नागरिक तयार गर्ने उद्देश्यले वि.सं. २०२८ सालदेखि चरणबद्ध रुपमा लागु हुने गरी राष्ट्रिय शिक्षा पद्दतीको योजना (२०२८-२०३२) लागु भएपछि नेपालको शिक्षा विकासमा यसले महत्वपूर्ण मोड लियो । यस योजनाले निरीक्षण प्रणालीलाई प्रशासनिक मार्गबाट प्राविधिक मोडतर्फ रुपान्तरण गर्ने प्रयास गरेको पाइन्छ । यो योजना लागु भएपछि ७५ वटै जिल्लामा जिल्ला शिक्षा अधिकारी र प्रत्येक जिल्लामा विद्यालय सङ्ख्याको आधारमा प्रा.वि.नि., नि.मा.वि.नि. र मा.वि.नि. रहने व्यवस्था गरियो । यसै बेलादेखि निरीक्षणलाई प्रविधिक सेवा मानियो । वास्तवमा ब्यवहारिक रुपमा सुपरिवेक्षणको कार्य ब्यवस्थित रुपमा यही योजनाबाट भएको हो । राष्ट्रिय शिक्षा पद्दतीको योजना लागु भएपछि नै विद्यालय निरीक्षक अनुपात तोकिनुका साथै पठ्यक्रम पठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्रको स्थापना भई निरीक्षण सम्बन्धी कामलाई तिव्रता दिइयो (ढुङ्गाना, २०५८) ।

वि.सं. २०३८ मा ग्रामिण विकास परियोजना अन्तर्गत सेती अञ्चलमा सेती परियोजना लागु भयो । उक्त परियोजनामा समुहमा आधारित स्रोतकेन्द्र र समुह विद्यालयको एक एक समुह बनाई निरीक्षणको व्यवस्था मिलाईएको थियो । यसै गरी वि.सं. २०४२ सालमा ६ वटा जिल्लामा परीक्षणको रुपमा प्रथमिक शिक्षा परियोजना लागु भयो । यस परियोजनाले पनि १५-२० विद्यालयको समूहलाई एउटा समूह बनाई उक्त समूहको केन्द्रमा पर्ने साधन स्रोत

सम्पन्न विद्यालयलाई स्रोतकेन्द्रको रूपमा स्थापना गरी समूह विद्यालयको निरीक्षण गर्न स्रोत व्यक्तिको व्यवस्था गऱ्यो । वि.सं.२०४९ मा आ.प्रा.शि.प. प्रथम र २०५६ देखि आ.प्रा.शि. कार्यक्रम दोस्रो लागू गरी २०-२५ विद्यालयहरूको समूह बनाई सो समूहको केन्द्रमा पर्ने साधन स्रोत सम्पन्न विद्यालयलाई स्रोतकेन्द्र मानी समूह विद्यालयको निरीक्षण गर्न स्रोत व्यक्तिको व्यवस्था गरियो ।

२०४६ सालको जनआन्दोलन पश्चात नेपालको संविधान २०४७ जारी भयो । परिवर्तित संविधानको मूल्य र मान्यता अनुरुपको शिक्षा प्रणाली लागु गर्नका लागि सिफारिस गर्न राष्ट्रिय शिक्षा आयोगको गठन गरियो । उक्त आयोगको प्रतिवेदनले शैक्षिक व्यवस्थापन तथा निरिक्षणलाई एउटै शीर्षकमा राखी सुपरिवेक्षणलाई स्पष्ट रुपमा परिभाषित गरेको छ भने सुपरिवेक्षण कार्यलाई प्राविधिक सेवाको रुपमा स्वीकारीएको छ । उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले राष्ट्रिय शिक्षा आयोग २०४९ ले सिफारिश गरेका सुझावहरुलाई कार्यन्वयन गर्न जोड दिनुका साथै सुपरिवेक्षकहरुको संख्यमा वृद्धि गरिनु पर्ने, उनीहरुको योग्यता एम.एड. हुनु पर्ने, प्र.अ.हरुलाई सुपरिवेक्षण सम्बन्धी कार्यमा बढीभन्दा बढी सहभागि गराउनु पर्ने जस्ता सुझावहरु दिई नेपालको सुपरिवेक्षण प्रणालीलाई अझ प्रभावकारी बनाउने प्रयास गरेको पाइन्छ (काफ्ले, श्रेष्ठ र सिन्हा २०५९) ।

नीति निर्माण देखि कार्यान्वयनसम्मको जिम्मेवारी शिक्षा मन्त्रालयले मात्र धान्न नसकेपछि विद्यालय शिक्षा कार्यक्रमको कार्यान्वयन गर्ने तथा बिभिन्न परियोजनाको समन्वय समेत गर्ने उद्देश्यले वि.सं.२०५६ सालमा शिक्षा विभागको स्थापना भएपछि विभिन्न परियोजनाहरु शिक्षा विभाग मार्फत संचालन हुन थाले । सबैका लागि शिक्षा कार्यक्रम समाप्त भए पश्चात हाल विद्यालय क्षेत्र सुधार कार्यक्रम चालु अवस्थामा छ । उक्त कार्यक्रममा समेत स्रोतकेन्द्रका स्रोतब्यक्ति मार्फत सुपरिवेक्षण हुने ब्यवस्था छ । हाल विद्यालय सुपरिवेक्षणको दायित्व स्रोतब्यक्ति र विद्यालय निरीक्षक दुवैमा रहेको छ ।

नेपालमा शैक्षिक सुपरिवेक्षणको ऐतिहासिक बिकासक्रम हेर्दा सुधारोन्मूख देखिए तापनि भइरहेको सुपरिवेक्षण कार्य सन्तोषजनक भने देखिदैन । सामुदायिक विद्यालयमा जस्तो संस्थागत विद्यालयहरुमा सुपरिवेक्षण कार्य नभएको जनगुनासाहरु सुन्न पाइन्छ । संस्थागत विद्यालय भनेको व्यक्ति वा संस्थाले नीजि रुपमा मुनाफाले प्रेरित भई संचालन गरेको हुँदा त्यसमा विद्यालय निरिक्षकहरुको पर्याप्त मात्रामा ध्यान पुगेको देखिदैन । विद्यालय

व्यवस्थापन समिति पनि कतिपय संस्थागत विद्यालयहरुले गठन गरेको पाइदैन । गठन गरेकोमा पनि उक्त समितिमा संस्थापकहरुकै वाहुल्यता पाइन्छ । अभिभावकहरु पनि संस्थागत विद्यालयप्रति बढि विश्वस्त भएका कारण विद्यालय सुपरिवेक्षणमा सम्बन्धमा खासै ध्यान दिइएको पाइदैन । यि विविध कारणले संस्थागत विद्यालयहरुमा सुपरिवेक्षण कम भएको पाइन्छ । विभिन्न साहित्य समिक्षाको आधारमा शिक्षण सिकाइ कियाकलापलाई प्रभावकारी बनाउन, शिक्षकहरुलाई पेसागत सेवा र टेवा प्रदान गरी पेसाप्रति दक्ष र उत्प्रेरित बनाउन विद्यालय सुपरिवेक्षण प्रणालीलाई प्रभावकारी बनाउनु पर्छ । नीजि विद्यालयमा त झन सुपरिवेक्षण कम भएको पाइन्छ । वर्तमान अवस्थामा नीजि विद्यालयमा सुपरिवेक्षण  प्रभावकारी हुन नसकेको हुँदा संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणले पाठ्यक्रम कार्यान्वयनमा पारेको प्रभाव अध्ययन अनुसन्धानको विषय बन्न पुगेको छ ।

## १.२ समस्याको कथन

पाठ्यक्रम कार्यान्वयनमा विभिन्न समस्याहरु पर्दछन् ति समस्याहरुको पहिचान गरी सुधारात्मक वाटाको अवलम्बन गर्नु पर्दछ । पाठ्यक्रम विद्यालयका समावेश र विद्यार्थीहरुमा स्थापना भइसकेको हुन्छ । गतिशिल सामाजिक परिवर्तनसंग संगै  पाठ्यक्रम पनि परीवर्तन गरिनु पर्दछ । यसलाई समयको माग र सामाजिक परिवर्तन अनुसार परिवर्तन गर्नु जरुरी हुन्छ । पाठ्यक्रम कार्यान्वयन गर्दा समाजको आवश्यकता, विद्यार्थीको आवश्यकता, सामुदयिक असन्तुष्टि, विद्वानहरुका विचार संचारहरुलाई पाठ्यक्रम कार्यान्वयनमा आईपर्ने समस्या वा कठिनाइहरु भन्न सकिन्छ ।

राष्ट्रिय शिक्षा पद्दतीको योजना (२०२८-२०३२ ) लागु भएपश्चात शिक्षकको पेशागत दक्षता वृद्धि गरी शैक्षिक गुणस्तर वृद्धि गर्न सुपरिवेक्षण सम्बन्धी धेरै प्रयासहरु भए पनि अपेक्षित उपलब्धीहरु हासिल हुन नसकेको , नेपालको सुपरिवेक्षण व्यवस्था सैद्धान्तिक रुपमा जति आदर्श देखिन्छ कार्यगत तहमा सो अनुसार प्रयोग हुन नसकेको, नेपालको कमजोर आर्थिक अवस्थाले शिक्षकलाई शिक्षणका आधुनिक ज्ञान, सीप र प्रविधिका विषयमा तालिम दिन तथा अनुसन्धानात्मक कियाकलापहरुमा सामेल गराउन नसकेको, जस्ता गुनासाहरु सुन्न पाइन्छ ।

IIEP/UNESCO ले वि.सं. २०३७ सालमा गरेको अध्ययनमा निरीक्षकमा आवश्यक योग्यता,तालिम र अनुभवको कमि रहेको , पदोन्नतीको अवसर नरहेको , अधिकारीबाट उचित सहयोग नपाएको , काममा प्रभावोत्पादक नभएको ,निजामती निरीक्षकहरुमा अनुभव, परिपक्वता र दक्षता नभएको र अनुभवी शिक्षकहरुलाई निरीक्षकमा नियुक्ति गर्ने प्रावधान नरहेको जस्ता समस्याहरु औंल्याइएका छन् ।

सुपरिवेक्षण भन्नाले कक्षा अवलोकन गरी शिक्षकको शिक्षणमा के-कस्ता समस्याहरू कहाँ के-कसरी भयो पत्ता लगाई त्यसलाई समाधान गर्नका निम्ति शिक्षकलाई व्यवहारिक सल्लाह सुझाव तथा सहयोग प्रदान गर्नु हो । सुपरिवेक्षकले सल्लाहकारका रूपमा, योजनाकारका रूपमा, सहयोगीका रूपमा, पथप्रदर्शकका रूपमा, उपचारकका रूपमा तथा प्रशासकका रूपमा हरेक कार्य गर्नुपर्छ । उपर्युक्त सुपरिवेक्षणका रूपहरू, सिद्धान्तहरू अनुसार नेपालमा सुपरिवेक्षण हुन नसकेको देखिन्छ ।

गुणस्तरीय शिक्षाका लागि राज्यले शिक्षामा ठूलो आर्थिक लगानी गरेको छ । विगत ४-५ वर्षको सरकारी खर्च अध्ययन गर्दा शिक्षा क्षेत्रमा राष्ट्रिय वजेटको १५-१७ प्रतिशतसम्म लगानी गरेको देखिन्छ । राम्रो शैक्षिक प्रतिफल प्राप्त गर्न राज्यले शिक्षामा यति ठूलो लगानी गरे तापनि आशातित प्रतिफल प्राप्त हुन सकिरहेको छैन । शैक्षिक क्षेत्रमा कार्यरत ब्यक्तिहरुले पेशागत कर्तब्यलाई राम्ररी पालना नगरिरहेको अवस्था छ ।

संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षण न्यून हुनु, सुपरिवेक्षण भए पनि शैक्षिक पक्षमा ध्यान नपुग्नु जस्ता कारणले वर्तमान सुपरिवेक्षण प्रणाली आलोचनाको विषय बनेको छ । यो ब्यवहारिक र उद्देश्यमूलक बन्न सकेको छैन । संस्थागत विद्यालयहरु ब्यपारिक उद्देश्यले स्थापना भएका हुन् यिनमा सुपरिवेक्षण गर्नु आवश्यक छैन भन्ने धारणाले संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणको अवस्था कमजोर छ । यदी यो अवस्था कायमै रहने हो भने यसको औचित्य र महत्व कम हुँदै जाने कुरामा दूई मत छैन । शिक्षा नियमावली २०५९ मा विद्यालय निरीक्षकको काम कर्तब्य र अधिकार शीर्षकमा वि.नि.ले प्रत्येक विद्यालय महिनाको एक पटक सुपरिवेक्षण गर्नु पर्ने ब्यवस्था छ तर ब्यवहारमा यस्तो अवस्था छैन । वि.नि.हरु कतिपय विद्यालयमा वर्षमा एक पटक समेत पुगेका छैनन् । समयमै यस्ता खालका समस्याहरुलाई सुधार गर्नु अवश्यक छ । अझ संस्थागत विद्यालयमा त नियममित रुपमा सुपरिवेक्षण नभएको जनगुनासाहरु सुन्न पाइन्छ । शिक्षा ऐन नियममा

विद्यालय निरीक्षकले सामुदायिक र संस्थागत दुवै विद्यालयहरुको सुपरिवेक्षण गर्नु पर्ने व्यवस्था भए  पनि व्यवहारमा त्यस्तो भएको पाइदैन । विद्यालय ब्यवस्थापन समितिका पदाधिकारीहरु संस्थापकले आफू अनुकुल नियुक्तिका लागि सिफारिस गर्न पाउने कानुनी प्रावधानका कारण संस्थागत विद्यालयमा सुपरिवेक्षण सम्बन्धमा केही नीतिगत अस्पष्टताहरु पनि रहेका देखिन्छन् । बर्तमान कानुनले विद्यालय ब्यवस्थापन समितिलाई विद्यालयको सुपरिवेक्षण सम्बन्धमा महत्वपूर्ण जिम्मेवारी दिएको छ तर संस्थापक र नीजहरुबाट सिफरिस भै नियुक्त समितिका सदस्यहरुबाट मात्र यो कार्य संभव देखिदैन । बिना पुर्वाधार खोलिएका कतिपय संस्थागत विद्यालयहरुको भौतिक संरचना समेत कमजोर पाइन्छ । यसमा सुधार ल्याउनका लागि  संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणको स्थीति अध्ययन अनुसन्धान गर्न सान्दर्भिक देखिन्छ ।

### १.३ अध्ययनको औचित्य

शिक्षा मानव संसाधन विकासको आधार हो । देशको आर्थिक तथा सामाजिक विकासको पूर्वाधार हो । सूचना तथा संचारको विकासले गर्दा विश्व आज एउटै सानो देशको रुपमा परिणत हुन पुगेको छ यसलाई विज्ञान तथा प्रविधि एवं शिक्षाको प्रतिफलको रुपमा मान्नु पर्ने हुन्छ । आज विश्वका विभिन्न मुलुकहरुको अध्ययन गर्ने हो भने दक्ष मानव संसाधन भएका मुलुकहरु नै विकासको अग्रपंतिमा देखिन्छन् । दक्ष मानव संसाधन नहुने मुलुकहरु अविकसित मुलुकको पङ्तिमा रहेकाछन् । विज्ञान र प्रविधिको विकास अनुरुप समय सुहाउँदो मानव संसाधन नेपालमा पनि उत्पादन हुन सकिरहेको छैन । गुणस्तरीय शिक्षा बिना दक्ष मानव संसाधन उत्पादन सम्भव छैन गुणस्तरीय शिक्षाका लागि शिक्षकको योग्यता , दक्षता एवं प्रतिबद्धतामा सुधार गर्नु पर्ने हुन्छ । यसका लागि विद्यालयहरुमा हुने सम्पूर्ण शैक्षिक गतिविधिहरुलाई साकार पारी शिक्षाको उद्देश्य पुरा गर्न विद्यालयका सम्पूर्ण कियाकलापहरुलाई सही मार्गमा डोऱ्याउनका लागि विद्यालयमा सुपरिवेक्षणको आवश्यकता हुन्छ ।

सामुदायिक विद्यालयमा शैक्षिक सुपरिवेक्षणसंग सम्बन्धित विविध विषयहरुमा पर्याप्त अध्ययन अनुसन्धान भएता पनि हाल सम्म संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षण सम्बन्धी शीर्षकमा कम मात्र अध्ययन भएको पाइन्छ । त्यसमा पनि पाठ्यक्रम कार्यान्वयनलाई कमै मात्रामा जोडेर हेर्ने गरिएको पाइन्छ । विद्यालय सुपरिवेक्षण सम्पुर्ण

शिक्षा प्रणालीको मेरुदण्ड भएको हुँदा यसको प्रयोग कसरी भईरहेको छ ? यसमा के कस्ता सुधारहरु गर्नु आवश्यक छ ? अथवा परिवर्तित धारणा अनुरुप सुपरिवेक्षणको भावि स्वरुप कस्तो हुनु पर्छ,? नयाँ नयाँ शैक्षिक प्रविधीको विकास भइरहेको वर्तमान सन्दर्भमा सुपरिवेक्षण प्रणालीलाई कसरी बढी भन्दा बढी व्यवहारिक बनाउन सकिन्छ ? पाठ्यक्रम कार्यान्वयनमा यसको प्रभाव के कस्तो छ ? भन्ने जस्ता सवालहरुमा अध्ययन अनुसन्धान गरी सुझावहरु दिन यो अध्ययन उपयोगी हुनेछ ।

यस अनुसन्धानले विद्यालय सुपरिवेक्षकहरुलाई सुपरिवेक्षण गर्न ,प्र.अ.लाई विद्यालय संचालनको विविध पक्षहरुमा व्यवस्थापन गर्न एवं शैक्षिक सुपरिपेक्षण गर्न , विद्यालयसँग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुलाई जिम्मेवारी बोध गराउन , संस्थागत विद्यालयको शैक्षिक सुपरिवेक्षणको क्षेत्रमा देखा परेका समस्याहरु पहिचान गरी सम्बन्धित पक्षहरुलाई सुधारका लागि सुझावहरु प्रदान गर्न, सुपरिवेक्षण सम्बन्धी नीति निर्माण गर्ने नीति निर्माताहरुलाई आधार प्रदान गर्न, संस्थागत विद्यालयसँग सम्बन्धित सबै पक्षलाई विद्यालयप्रति सकारात्मक धारणाको विकास गराई रचनात्मक कार्य गर्न सहयोग पुऱ्याउने छ । संस्थागत विद्यालयको सुपरिवेक्षणमा देखिएका कमी कमजोरी औँल्याई सुझावहरु दिन र पाठ्यक्रम कार्यान्वयनमा सुपरिबेक्षणले पुर्‍याउने योगदानका बारेमा सचेत हुनका लागि समेत यो शीर्षक छानेर अध्ययन गरिएको छ । भविष्यमा यस विषयमा अध्ययन अनुसन्धान गर्न चाहने जो कोही ब्यक्तिहरुलाई समेत यो अध्ययन उपयोगी हुने हुँदा यस शीर्षकमा गरिने अध्ययन अनुसन्धान औचित्यपूर्ण हुनेछ ।

## १.४ **अध्ययनको उद्देश्य**

यस अध्ययनका लागि निम्नानुसारका उद्देश्यहरू राखिएका छन्:

१. संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणको वर्तमान अवस्थाको पहिचान गर्ने ।

२. संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणले पाठ्यक्रम कार्यान्वयनमा पारेको प्रभाव बिश्लेषण गर्नु ।

३. संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणमा देखा परेका समस्याहरुको विश्लेषण गर्ने ।

४. संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणमा देखा परेका समस्या समाधानका उपायहरू सुझाउने ।

### १.५ अनुसन्धानात्मक प्रश्नहरू

संस्थागत विद्यालयहरूमा शैक्षिक सुपरिवेक्षणको स्थिति पत्ता लगाउन शोधपत्रमा निम्नलिखित अनुसन्धानात्मक प्रश्नहरू समावेश गरिएको छ ।

१. संस्थागत विद्यालयहरूमा विद्यालय सुपरिवेक्षण कसरी हुने गरेको छ ?

२.संस्थागत विद्यालयमा कस कसबाट सुपरिवेक्षण हुने गरेको छ ?

३. संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षण कसरी भैरहेको छ ?

४.संस्थागत विद्यालयमा कुशल शैक्षिक सुपरिवेक्षण कसरी कसरी स्थापित गर्न सकिन्छ ?

५. संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणले पाठ्यक्रम कार्यान्वयनमा के कस्ता प्रभावहरु पारेको छ ?

६. संस्थागत विद्यालय सुपरिवेक्षण प्रणालीमा देखापरेका समस्याहरू के-के छन् ?

७. सुपरिवेक्षण प्रणालीलाई प्रभावकारी बनाउन कस्ता कदमहरु चाल्नु पर्छ ?

८. संस्थागत विद्यालयको सुपरिवेक्षणलाई प्रभावकारी बनाउन कस्तो रणनीति अपनाउनु पर्ला ?

### १.६ अध्ययनको परिसीमा

अनुसन्धानकर्ताको सीमित स्रोत ,साधन, र समय तथा अन्य समस्याहरुका बीच सञ्चालित यो अनुसन्धानमा संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षण व्यवस्थाको अवस्था पहिचान गरी यसको विष्लेषण गर्न क्षेत्र व्यापक भएतापनि यस अध्ययनलाई सुपरिवेक्षणको वर्तमान अवस्था पहिचान गरी देखिएका समस्याहरु समाधानका लागि सुझाव दिनमा मात्र सीमित गरिएको छ । यो अध्ययन सुनसरी जिल्लाका संस्थागत विद्यालयहरुमा सिमित गरिएको छ । सुनसरी जिल्लामा पनि धरान उप महानगरपालिका अन्तर्गतका संस्थागत विद्यालयहरु मध्ये श्री सदन उमाबि स्रोत केन्द्र अन्तर्गतका २ उच्च मा.वि. र ३ मा.वि.मा अध्ययन सिमित रहेको छ ।

**१.७ शब्दहरूको परिभाषा**

सामुदायिक विद्यालय : नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति पाउने विद्यालय ।

संस्थागत विद्यालय : नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति पाउने विद्यालय ।

प्राथमिक विद्यालय : कक्षा १ देखि ५ सम्मको शिक्षा दिने विद्यालय ।

निम्न माध्यमिक विद्यालय : कक्षा १ देखि ८ सम्मको शिक्षा दिने विद्यालय ।

माध्यमिक विद्यालय : कक्षा १ देखि १० सम्मको शिक्षा दिने विद्यालय ।

स्रोतकेन्द्र : समूह विद्यालयभित्रको यातायात, सञ्चर लगायत सबै दृष्टिले पायक पर्ने कुनै एक साधनस्रोत सम्पन्न विद्यालय जसले समूह विद्यालयहरूको शैक्षिक नेतृत्व प्रदान गर्दछ ।

व्यवस्थापन समिति : व्यवस्थापन समिति भन्नाले अध्यक्ष सहीत सदस्यहरूलाई समेत जनाउने अर्थमा प्रयोग गरिएको छ ।

शिक्षक : शिक्षक भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्र.अ. समेतलाई जनाउछ ।

शैक्षिक सुपरिवेक्षण : शिक्षण सिकाई प्रक्रियामा आउने समस्याको अध्ययन, अवलोकन गर्नु र सो को समाधान गर्ने पक्रिया ।

निरीक्षक : निरीक्षक भन्नाले विद्यालयको निरीक्षण गर्न तोकिएको कर्मचारी सम्झनुपर्छ

स्रोत व्यक्ति : स्रोतकेन्द्रका समूह विद्यालयहरूको रेखदेख निरीक्षण/सुपरिवेक्षण गर्ने व्यक्ति

# परिच्छेद : दुई

# सैद्धान्तिक साहित्यको पुनरावलोकन र अवधारणात्मक खाका

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

कुनै पनि अनुसन्धानात्मक कार्य गर्दा अनुसन्धान कार्यलाई सार्थक निष्कर्षमा पुऱ्याउन कुनै न कुनै पूर्व स्थापित सिद्धान्तमा आधारित भएर गर्नु पर्छ। पूर्व स्थापित सिद्धान्तले नयाँ समस्याको समाधानका लागि विकल्पहरुको खोजी गर्न मद्दत पुऱ्याउँछ। यस शोध कार्यमा विश्वब्यापी रुपमा स्थापित भएका निम्न सिद्धान्तहरुलाई समावेश गरिएको छ

### २.१.१. मानव सम्बन्ध सिद्धान्त

(मायो, १९५०) ले प्रतिपादन गरेको मानव सम्बन्धको सिद्धान्तलाई यस अध्ययनको सैद्धान्तिक खाकाको रुपमा उल्लेख गरिएको छ। संगठन र कार्यलाई यान्त्रिक दृष्टिकोणले हेरिरहेको यसभन्दा पहिलेका सिद्धान्तका विरुद्धमा यो सिद्धान्तको प्रतिपादन भएको हो। यस सिद्धान्त अनुसार कुनै पनि संगठनमा कामदारहरुका बीच सुमधुर सम्बन्ध भएमा कार्यसम्पादन राम्रो, चाँडो र स्तरीय हुने र यसको विपरित मानव सम्बन्ध भएमा कार्यसम्पादन ढिलो, नराम्रो र स्तरहीन हुने कुरा यस सिद्धान्तले प्रतिपादन गरेको छ। यो सिद्धान्त अनुसार मानव सम्बन्ध भन्नाले ब्यवस्थापक र कामदार बीच हुने अन्तर्क्रिया हो (कोइराला, श्रेष्ठ २०६२ )। यो सिद्धान्तका अनुसार संघ संस्थामा उत्पादन बढाउन ब्यवस्थापकले कामदारहरुको भावना र चाहना बुझेर मानवीय सम्बन्ध बढाउनु पर्छ। राम्रोसँग सम्बन्ध स्थापना गर्न सकेमा काममा स्तरीयता एवं प्रभावकारिता हासिल हुन्छ। मानवीय सम्बन्ध बढाउन मानवीय समन्वय कायम राख्नु पर्छ। मानवीय समन्वय कायम राख्नका लागि विभिन्न मनमुटाव , कलह , समाप्त गर्नु पर्छ। मानवीय सम्बन्ध विकासका लागि ब्यवस्थापक/प्रशासकले कामदारसँग उनीहरुका विचार कामगर्ने तरिका बुझी अस्पष्ट कुरामा स्पष्ट हुनु पर्दछ। कामप्रति उत्प्रेरणा बढाउन कामको शुरुआतबाटै समन्वय गर्दै जानुपर्छ। संघ संस्थामा घनिष्ट सम्बन्धका रुपमा रहेका मानिस ,मेसिन ,वस्तु र वातावरण जस्ता साधन स्रोतलाई उद्देश्य प्राप्तिका लागि एकिकृत गर्नसके मानव सम्बन्ध बढ्छ र उत्पादनलाई बढाउँछ। संस्थामा मानवस्रोत ,प्रकृया र वातावरण बीचको सुमधुर सम्बन्धलाई कायम राख्ने कार्यलाई निरन्तरता दिनुपर्छ (काफ्ले, श्रेष्ठ र सिन्हा, २०५९)।

यो सिद्धान्तले सहभागितामूलक सिद्धान्तमा जोड दिन्छ । सामुहिक भावनाका साथ काम गरेमा नै अत्याधिक कार्य सफलता हुन्छ भन्ने यस सिद्धान्तको ठहर छ । निरीक्षण तथा सुपरिवेक्षण कार्यमा पनि प्र.अ. , शिक्षक , विद्यार्थी र वि.ब्य.स.तथा अभिभावक र निरीक्षक बीच सुमधुर सम्बन्ध कायम गर्नु पर्छ साथै उक्त कार्यमा संलग्न ब्यक्तिहरुलाई कार्यप्रति उत्प्रेरित गर्नु पर्दछ । विद्यालय भन्ना साथ यस भित्र शिक्षक, विद्यार्थी, अभिभावक, प्रशासक, कर्मचारी आदि पर्दछन् । विद्यालयलाई नियमित र सुचारु रुपले संचालन गर्नकालागि विद्यालयसंग सम्बद्ध सम्पुर्ण शिक्षक, विद्यार्थी, कर्मचारी, सुपरिवेक्षक आदि बीच राम्रो सम्बन्ध र समन्वयको आवश्यकता पर्दछ । विद्यालयमा त्यसमा पनि कक्षा कोठा भित्र संचारको महत्वपुर्ण भूमिका रहन्छ । मानवीय सम्बन्ध र समन्वय कायम गर्नका लागि र मानव संसाधनलाई एकिकृत गरी विद्यालयको उद्देश्य प्राप्तिका लागि उपयुक्त संचार व्यवस्था कायम गर्नु पर्दछ । यसबाट सामुहिक भावनाको विकास हुन्छ । विद्यालय हाम्रो हो, हामी सबैको साझा प्रयासबाट मात्र विद्यालयको उद्देश्य प्राप्त हुन्छ भन्ने भावनाको विकास हुन्छ । सुपरिवेक्षकले पनि आफ्नो पदीय अधिकारको दम्भ प्रयोग नगरी सरोकारवालाहरुसँग असल सम्बन्ध कायम गरी सहभागितामुलक सुपरिवेक्षण शैली अपनाए मात्र शिक्षण सिकाई क्रियाकलापमा सुधार ल्याउन सेवा र टेवा पुग्दछ । यो सिद्धान्तले संस्थागत विद्यालय संचालनमा शैक्षिक सुपरिवेक्षणको कार्यमा सहयोग पुऱ्याउछ ।

### २.१.२. मास्लोको अभिप्रेरणा सम्बन्धी सिद्धान्त

(मास्लो, १९४३) ले मानवका आवश्यकता श्रृंखला नामक उत्प्रेरणा सम्बन्धी सिद्धान्त प्रतिपादन गरेका छन् जसलाई मास्लोको आवश्यकताको सिद्धान्त पनि भनिन्छ । उनका अनुसार मानिसका आवश्यकता असिमित हुन्छन् जुन कमिक रुपमा अघि बढिरहेका हुन्छन् । निम्नस्तरको आवश्यकता पुरा भएपश्चात मानिस उच्चस्तरको आवश्यकतातिर अघि बढ्छ । मास्लोले मानिसका आवश्यकतालाई श्रृंखलाबद्ध रुपमा शारीरिक आवश्यकता, सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, स्वभिमानको आवश्यकता र आत्मबोधको आवश्यकता गरी पाँच भागमा विभाजन गरेका छन् ।

अन्तरक्रिया आवश्यकता र प्रोत्साहनले मानिसलाई कामप्रति उत्प्रेरित गर्दछ (कोइराला र श्रेष्ठ २०६२) ।

वास्तवमा नेपालको संस्थागत विद्यालय सुपरिवेक्षण पद्दतीमा आबद्ध विद्यालय निरीक्षक, स्रोतब्यक्ति, प्र.अ. र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई आफ्नो कार्य र जिम्मेवारीप्रति जागरुक र उत्प्रेरित गराउन पनि यी चरणबद्ध आवश्यकताहरुले महत्वपूर्ण भूमिका खेल्छ । विद्यालय निरीक्षक, स्रोतब्यक्ति र प्रधानाध्यपकहरु आधारभूत आवश्यकता र सुरक्षात्मक आवश्यकताले ग्रस्त देखिन्छन् । मास्लोका अनुसार यी आवश्यकताहरु निम्नस्तरका भएपनि अत्यन्तै महत्वपूर्ण छन् । शिक्षकहरुको आधारभुत आवश्यक्ताहरु गाँस, बाँस र कपास जस्ता कुराहरुमा अभाव नहुने गरी उनीहरुलाई तलव भत्ता तथा अन्य सुविधाको व्यवस्था गरिनु पर्छ । नेपालमा द्वन्द्वका कारणले शिक्षकहरुले असुरक्षित भएको महसुस गरेका छन् । उनिहरुले विद्यालयहरुमा सुरक्षित वातावरणमा पठनपाठन क्रियाकलाप संचालन गर्ने अवसर पाउनु पर्दछ । तनाव ग्रस्त शिक्षकबाट संचालित शिक्षण सिकाइ क्रियाकलापबाट कस्तो प्रकारको विद्यार्थी उत्पादन होला सहजै अनुमान गर्न सकिन्छ । शिक्षकहरुले आफ्नो हैसियत अनुसारको सामाजिक मान मर्यादाको आशा गरेका हुन्छन् । सुपरिवेक्षणको क्रममा निरिक्षकले सोको समेत बिचार पुऱ्यानु पर्दछ । वि.नि. स्रोतव्यक्तिको सुपरिवेक्षण कार्यबाट शिक्षकहरुको सामाजिक मर्यादामा आँच आउनु हुँदैन । यसैले सरोकारवालाहरुका यी सृङ्खलाबद्ध आवश्यकतातर्फ सम्बन्धित निकायले ध्यान पुऱ्याउनु पर्छ । शिक्षकहरुको शिक्षण कार्यमा उत्प्रेरणा बढाउन सम्बन्धित पक्षले उनीहरुका आवश्यकताहरु पहिचान गर्न सक्नु पर्छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि विषयवस्तु वा समस्याको समाधानको लागि अध्ययन, अनुसन्धान गर्दा त्यस विषय वा समस्यासँग सम्बन्धित पूर्व सहित्यको अधययन गर्नु अनिवार्य हुन्छ । सम्बन्धित सहित्यको पुनरावलोकन भन्नाले अध्ययन, अनुसन्धानसँग मिल्ने, अध्ययनलाई सहयोग पुग्ने पूर्व अनुसन्धान र सम्बन्धित पुस्तक, पत्रपत्रिका, लेखरचना आदिको अध्ययन भन्ने बुझिन्छ । पूर्व साहित्यहरूले के कस्ता विकल्पहरूको खोजी गरेको छ भन्ने यथार्थ जानकारी गराई समस्याको समाधान गर्न सहयोग पुऱ्याउँछ । एउटै विषयमा अनुसन्धानात्मक कार्य नदोहोरियोस् भन्नका लागि पनि पूर्व-साहित्यहरूको अध्ययन गर्न आवश्यक हुन्छ । पूर्व-

साहित्यको अध्ययनले आफ्नो अनुसन्धानको उद्देश्य प्राप्तिका लागि आवशयक पर्ने विधि तथा साधनको छनौट गर्न, प्रस्तुतिकरण र विष्लेषण गर्न ,निष्कर्ष र सुझावहरु प्रस्तुत गर्न सहयोग पुऱ्याउँछ। यस शोध शीर्षकको अध्ययनका सन्दर्भमा शोधकर्तालाई प्राप्त भएका सामग्रीहरूको अध्ययन गरी प्राप्त भएका निष्कर्षहरू तल उल्लेख गरिएको छ।

**खापुङ** (२०६७) का अनुसार सामुदायिक विद्यालयमा सुपरीवेक्षणको अवस्था न्यून रहेको, ऐन तथा नियमावली अनुरुप सुपरीवेक्षण हुन नसकेको, राजनैतिक हस्तक्षेप, असुरक्षा जस्ता कारणले सुपरीवेक्षणमा बाधा पुगेको, प्र.अ.ले सुपरीवेक्षण कार्यमा कम महत्व दिएको, निरीक्षकहरुमा विषयगत ज्ञानको अभाव रहेको, तोकिएको दरवन्दी अनुसार विद्यालय निरीक्षकहरु नभएको, विद्यालय निरीक्षकहरुलाई कम्प्यूटर, ल्यापटप जस्ता आधुनिक साधनहरु उपलब्ध नगराइएको, पुरस्कार र दण्डको व्यवस्था कार्यान्वयन नभएको, सुपरीवेक्षण सम्बन्धी तालिमको अभाव, विद्यालय निरीक्षक/ स्रोतव्यक्तिहरुलाई सहयोगी कर्मचारीको व्यवस्था नभएको, प्रधानाध्यापकहरुले विद्यालयमा अन्य प्रशासनिक कार्य ब्यस्तताले सुपरिवेक्षण कार्यको जिम्मेवारी पुरा गर्न नसकेको, विद्यालयसंग स्रोत र साधनको अभाव,अभिभावकहरुमा सुपरीवेक्षण सम्बन्धी ज्ञानको अभाव जस्ता समस्याले शैक्षिक सुपरीवेक्षणको क्षेत्रमा ठूलो प्रभाव पारिरहेको हुँदा स्थानीय स्तरमा मानव स्रोतको उचित परिचालन गरी उनिहरुबाट समेत लाभ लिनुपर्ने र व्यवहारिक समस्या हल गरिनु पर्ने कुरा औल्याइएको छ।

माथि उल्लेख गरिएको शोधपत्र सामुदायिक विद्यालयमा शैक्षिक सुपरिवेक्षणको प्रभावकारीता शिर्षकमा गरिएको अनुसन्धान हो। शैक्षिक सुपरिवेक्षणका विविध पक्षमा हुने अन्य अध्ययन अनुसन्धानका लागि यसले आधार प्रदान गरेको भएतापनि अनुसन्धान सामुदायिक विद्यालयमा मात्र सिमित छ। यसले संस्थागत विद्यालयमा हुने गरेको सुपरिवेक्षण सम्बन्धमा कुनै खोजि गरेको पाईदैन। सामुदायिक विद्यालयको शैक्षिक सुपरिवेक्षणको वर्तमान अवस्था, समस्या र समाधानका लागि सुझावहरु, संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणले पाठ्यक्रम कार्यान्वयनमा पारेका प्रभावहरु समेत प्रस्तुत गरी संस्थागत विद्यालयमा भए गरेका सुपरिवेक्षणका गतिविधि सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने जो कोहिका लागि यसले मार्ग प्रशस्त गरेको छ।

यहाँ अध्ययनको शीर्षक संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणले पाठ्यक्रम कार्यान्वयनमा पारेको प्रभाव संग उक्त अनुसन्धान केही मिल्दो जुल्दो छ । यि दुवै अध्ययनका उद्देश्यहरु केहि समान भए पनि अध्ययनको विषय र क्षेत्र फरक छ । माथि उल्लेखित अनुसन्धानले हाम्रो अनुसन्धानलाई पहिले यस विषयमा के कति अनुसन्धान भएका थिए ? र अब के विषय र क्षेत्रमा कसरी कुन विधिबाट अनुसन्धान गर्ने भन्ने विषयमा सहयोग पुऱ्याएको छ ।

**भुषाल** (२०६१) का अनुसार विद्यालयहरु नियमानुसार सञ्चालन गराउने, पाठ्यक्रम कार्यान्वयन गराई शैक्षिक गुणस्तर उठाउने, शिक्षण क्रियाकलापमा आईपर्ने शिक्षकका समस्या समाधान गर्ने, शिक्षकलाई व्यवसायिक र स्रोतपूर्ण बनाउन सहयोग गर्ने, शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गर्न मद्दत गर्ने जस्ता काम गर्ने व्यक्ति विद्यालय निरीक्षक हो । यस्ता कार्यहरु सम्पन्न गराउन जि.शि.अ.ले विद्यालय निरीक्षकलाई कार्य क्षेत्र तोकिदिएको हुन्छ । निरीक्षकले निरीक्षण गरी विद्यालय एवं विद्यार्थीको समस्या पहिचान गराउन सक्नु पर्दछ र तदनुरुप कार्य गर्न प्रेरित गर्नु पर्दछ । शिक्षकका समस्या समाधानमा सहयोगी र रचनात्मक सुझाव प्रस्तुत गर्न सक्नु पर्दछ ।

विद्यालयको शैक्षिक सुपरिवेक्षणसंग सम्बन्धित जुन कुनै विषयमा अध्ययन अनुसन्धान गर्नकालागि सर्वप्रथम सुपरिवेक्षण के हो ? यसमा को को व्यक्तिहरु सहभागी हुन्छन् ? उनिहरुका कर्तव्य र दायित्वहरु के के हुन् ? जस्ता विषमा जान्नु आवश्यक हुन्छ । माथिको लेख समिक्षामा विद्यालय निरिक्षकले गर्नु पर्ने कार्यहरुको बारेमा स्पष्ट रुपमा उल्लेख भएको हुदा विद्यालय निरिक्षकहरुले विद्यालयमा सुपरिवेक्षणका क्रममा के गरिरहेका छन् ? उनीहरुबाट सम्पादित कार्यहरु ऐन नियम अनुसार छन् छैनन् ? यदि छैनन् भने अब उनीहरुले सुपरिवेक्षण सम्बन्धी कस्ता कार्यहरु गर्नु पर्ने हुन्छ ? जस्ता विषयहरुमा अनुसन्धाका क्रममा स्पष्ट हुन मद्दत पुगेको छ ।

**कोइराला** (२०५९) का अनुसार निरीक्षकहरु नराम्रो हेर्न चाहदैनन्, अघिपछि जे भए पनि निरीक्षणको दिन विद्यालयले राम्रा राम्रा पक्षहरुमात्र देखाउन भन्ने सोच राख्दछन् । निरीक्षकहरु एकथरी अधिकार देखाउन चाहन्छन् भने अर्काथरि तालिम ,योग्यता र अनुभवको कमीको कारणले हिनताबोधमा जकडिएका छन् । हाम्रा विद्यालयमा दुई थरी निरीक्षकहरु विद्यमान छन् । एक थरी निजामति सेवाका निरीक्षक छन् भने अर्का थरी शिक्षक सेवाका

स्रोतब्यक्तिहरु । निरीक्षकहरु पेशाप्रति आबद्ध हुनुको सट्टा कुनै न कुनै राजनीतिक दलहरुप्रति आबद्ध भएका छन् । निरीक्षकहरुले प्राविधिक सेवा उपलब्ध गराउनु पर्नेमा उनीहरु प्रशासनिक स्थानको खोजीमा छन् । विद्यालय निरीक्षण त गर्दैछौँ तर त्यसपछि के हन्छ ? भन्ने उनीहरुको तर्क छ । निरीक्षक र शिक्षक बीचमा विश्वासको कमी छ । बारम्बर निरीक्षण भई रहेका विद्यालय र निरीक्षण नभएका विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापमा खासै अन्तर देखिदैन । निरीक्षकहरुले पेशाप्रति नयाँ नयाँ अनुसन्धानात्मक कार्य गर्नु पर्नेमा यस विषयमा कसैको ध्यान पुगेको देखिदैन । राजाको काम कहिले जाला घाम भन्ने उखान चरितार्थ भएको छ । लाए अराएको काम मात्र गर्ने प्रवृत्ति हावी भएको छ ,उनीहरुमा आत्माविश्वासको कमि छ ।

विद्यालय सुपरिवेक्षणका मुल जिम्मेवार व्यक्तिहरु आफ्नो कार्यप्रति जिम्मेवार छैनन् । उनिहरु कुनै न कुनै राजनैतिक दल प्रति प्रतिवद्ध भएका छन् । विद्यालय निरीक्षकहरु अन्य दिनहरुमा जे जस्तो भए पनि विद्यालय निरिक्षण भएका दिन राम्रा राम्रा पक्षहरु देखाउनु पर्छ भन्ने मानसिकताले ग्रस्त छन् । निरिक्षकहरुमा तालिम योग्यता र अनुभवको कमी छ । योग्य दक्ष र अनुभवी शिक्षकहरुले विद्यालय निरीक्षकहरुलाई विश्वास गर्दैनन् । विद्यालय निरीक्षकहरुले अधिकारको मात्र प्रयोग गरेका छन् । कर्तव्य पालानामा ध्यान दिएका छैनन् । शिक्षण सिकाइ क्रियाकलापसंग सम्बन्धित अनुसन्धानात्मक कार्यहरु भएका छैनन् । सुपरिवेक्षणको क्षेत्रमा यस्ता प्रकारका प्रसस्त समस्याहरु भईरहेको वर्तमान अवस्थामा उक्त समस्याहरु किन सृजना भए ? र ती समस्याहरुको समाधान कसरी गर्न सकिन्छ भनी सुझाव दिन यो अनुसन्धान सानदार्भिक हुने आशा गर्न सकिन्छ ।

**गौतम** (२०६२) का अनुसार एकातिर विद्यालय निरिक्षक, श्रोत व्यक्तिहरु आफ्नो कामप्रति जिम्मेवार देखिदैनन् भने अर्को तर्फ उनिहरुसंग भौतिक साधन र आर्थिक स्रोतको कमि छ । विद्यालय निरिक्षण गरी दिइएको प्रतिवेदन राजनैतिक हस्तक्षेपका कारण लागु हुन सकिरहेको छैन । विद्यालय सुपरिवेक्षणको कार्य विद्यालय निरीक्षकहरुको मात्र हो भन्ने सरोकारवालाहरुको धारण पाइन्छ तर विद्यालय प्रधानाध्यापकको पनि यसमा महत्वपूर्ण भुमिका रहन्छ । सुपरिवेक्षण कार्यमा प्रधानाध्यापकहरु जिम्मेवार भएको देखिदैन । सुपरिवेक्षण विशेष गरेर शिक्षण सिकाई क्रियाकलापमा सुधार ल्याउन गरिन्छ । प्रधानाध्यापकले विद्यालयमा एउटा कुशल सुपरिवेक्षकका रुपमा पनि काम गर्न सक्नु पर्छ । प्रधानाध्यापकले

आफ्नो विद्यालयका शिक्षक एवं विद्यालयको समस्या पहिचान गरी उपचारात्मक प्रक्रियाद्वारा सुधार गर्दै लैजानुपर्ने हुन्छ ।

विद्यालय निरीक्षक तथा स्रोत व्यक्तिहरुले नियमित रुपमा सुपरिवेक्षण गर्दैनन् ,उनीहरु विद्यालयमा जाँदैनन् ,कार्यालयमा बसी प्रशासनिक कार्यहरु गर्न रुचाउँछन्, विद्यलाय गइहाले पनि प्रशासनिक निरीक्षणमा मात्र सिमित हुन्छन्, कक्षा अवलोकन तथा अनुसन्धानात्मक कार्यहरु गर्दैनन् भन्ने गुनासाहरु यदा कदा सुन्न सकिन्छ । यसो हुनुको कारण निरीक्षकहरुसँग निरीक्षणसँग सम्बन्धित भौतिक साधन र आर्थिक स्रोतको कमि पनि हो । निरीक्षणका साधनहरु आवश्यक फारामहरु, डायरी, ल्यापटप आदिको व्यवस्था हुन सकेको छैन भने निरीक्षणमा जादा उनीहरुलाई दिनु पर्ने भत्ताको पनि उचित प्रवन्ध भइरहेको छैन । विद्यालय निरीक्षकहरुले फिल्डमा गई दिएको प्रतिवेदन जिल्ला शिक्षा कार्यालयले राजनैनिक कारणले लागु गर्न सकिरहेको छैन । विद्यालय निरीक्षणको कार्यमा प्र.अ.को पनि महत्वपूर्ण भूमिका रहन्छ तर हाम्रा विद्यालयहरुमा प्र.अ.बाट निरीक्षण कार्य कमै भएको पाइन्छ । प्रशासनिक र शिक्षण दुवै कार्य गर्नु परेकोले सुपरिवेक्षण कार्यमा समय दिन नसकेको उनीहरुको भनाइ छ । यी समस्याहरुको कारण पत्ता लगाई सुधारका उपायहरु सुझाउन यो अध्ययन आवश्यक छ ।

**अधिकारी** (२०१०) का अनुसार गुणस्तरीय शिक्षा विना वहुआयामिक विकास सम्भव छैन गुणस्तरीय शिक्षाका लागि रचनात्मक तथा सुधारात्मक सुपरिवेक्षण सेवाको आवश्यकता पर्दछ । सुपरिवेक्षण एउटा प्राविधिक सेवा भएकोले यसको मुख्य कार्य सफल शैक्षिक नेतृत्व प्रदान गरी शिक्षण सिकाई प्रक्रियामा सुधार गर्नु हो । यसका लागि विद्यालय क्षेत्र सुपरिवेक्षण नमुनालाई बढि जोड दिनु पर्ने हुन्छ । नेपालको सुपरिवेक्षण पद्धति बढि परम्परागत रहेको देखिन्छ । यसमा अदक्षता र अप्रभावकारी जस्ता कमि, कमजोरीहरु रहेका छन् र यि समस्याहरुलाई समाधान गर्न संगठनात्मक संरचनामा परिवर्तन गरी स्थानीय तहलाई अधिकार सहित सक्रिय र जिम्मेवार बनाउनु पर्दछ । नत्र यसको प्रभावकारितामा सुधार आउने देखिदैन ।

विज्ञान र प्रविधिले ल्याएको परिवर्तनलाई वर्तमान शिक्षा प्रणालीमा समावेश गर्न परंपरागत सुपरिवेक्षण प्रणालीबाट संभव छैन । यसका लागि रचनात्मक तथा सुधारात्मक सुपरिवेक्षणको आवश्यकता पर्दछ । सुपरिवेक्षकले नयाँ नयाँ ज्ञान तथा प्रविधिका विषयमा

नमुना शिक्षण गर्नु पर्ने हुन्छ । शिक्षकसंग बसेर अनुसन्धानात्मक कार्यहरु पनि गर्नु पर्ने हुन सक्छ । तर हाम्रा सुपरिवेक्षकहरुमा अदक्षता र अप्रभावकारीता जस्ता कमी कमजोरीहरु रहेको कुरा माथिको लेख मार्फत जानकारी प्राप्त भयो । उक्त लेखमा सुपरिवेक्षण प्राणालीमा सुधार ल्याउन संगठनात्मक संरचनामा परिवर्तन गरी स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनु पर्छ भनी सुझाइएको छ । तर सुपरिवेक्षणको संगठनमा कहाँ र कस्ता समस्याहरु छन् ? ति समस्याहरुलाई समाधान गर्ने गरी कसरी संगठनात्मक संरचनामा परिवर्तन गर्नु पर्छ उल्लेख गरिएको छैन । स्थानिय तहलाई सक्रिय बनाउनु पर्ने तथ्यलाई उठान गरिएको छ । तर कसलाई कति अधिकार र जिम्मेवारी प्रदान गर्ने भन्ने बिषयमा उल्लेख गरिएको छैन । यिनै समस्याहरुको खोजी गरी समाधानका लागि सुझावहरु प्रस्तुत गर्न यो अनुसन्धान आवश्यक देखिन्छ ।

**गौतम** (२०६७) का अनुसार वर्तमान नेपालको सुपरिवेक्षणमा सुधार गर्नका लागि विद्यालय निरिक्षकहरुलाई पर्याप्त दैनिक भत्ता तथा उचित तालिमको व्यवस्था हुन पर्दछ । उनिहरुलाई पेशाप्रति प्रतिवद्ध बनाई वृत्ति विकासका अवसरहरु उपलब्ध गराउनु पर्छ । निरिक्षण प्रतिवेदनको कार्यान्वयनमा सुनिश्चितता हुनु पर्छ । समानुपातिक ढंगले जिम्मेवारी बाँडफाँड र स्रोतको वितरण गरिनु पर्छ । विद्यालय निरीक्षक र शाखा अधिकृत बीचको बिभेद अन्त्य गरिनु पर्छ । निरीक्षकहरु बिषयगत रुपमा नियुक्ति गरिनु पर्छ । नागरिक समाजलाई समेत सुपरिवेक्षण कार्यमा सहभागि गराउनु पर्छ । अनुशन्धानलाई सुपरिवेक्षणको अभिन्न अंग बनाइनु पर्छ ।

नेपालको वर्तमान सुपरिवेक्षण प्रणलीमा एउटै विज्ञापनबाट एउटै कार्य प्रकृति र जिम्मेवारीको कार्य गर्ने गरी विद्यालय निरीक्षक पदमा नियुक्त निरीक्षकहरु मध्ये कसैलाई शाखा अधिकृतको जिम्मेवारी दिइएको छ भने कसैलाई फिल्डको जिम्मेवारी दिइएको छ । एउटै पदका व्यक्तिहरुलाई फरक प्रकृतिको काम गराउँदा उनीहरु बीच मतभेद भएका कुराहरु समेत सुन्नमा आएका छन् । नियुक्ती पाएका १०-१५ वर्षसम्म पनि कतिपय निरीक्षकहरुलाई पेशागत तालिम प्रदान गरिएको छैन । फिल्डमा गएर काम गर्दा आवश्यक मात्रामा भत्ताको ब्यवस्था छैन । उनीहरुलाई थप अध्ययन गरी वृत्ति विकास गर्ने अवसरहरु छैनन् । निरीक्षण गरी दिएका प्रतिवेदनहरु कार्यान्वयनमा आएका छैनन् । विषयगत निरीक्षकहरु नियुक्ती गर्ने ब्यवस्था छैन । सबै विषयहरुको कक्षा अवलोकन गर्नु सम्भव पनि


हुँदैन । यही कारणले सुपरिवेक्षणको क्रममा कक्षामा पस्न रुचाउँदैनन् । विद्यालयका अभिभावकहरु सुपरिवेक्षण कार्यमा अनविज्ञ छन् । उनीहरु विद्यालय गएर आफ्ना वाल वच्चाहरु कसरी पढी रहेका छन् ? सुधार गर्न के गर्नु पर्छ भनी प्र.अ.,शिक्षक, र सुपरिवेक्षकसँग छलफल गर्दैनन् । यी र यस्ता ब्यापक समस्याहरुबाट जकडिएको हाम्रो विद्यालयको सुपरिवेक्षणमा सुधार ल्याउन थप अध्ययन अनुसन्धानको आवश्यकता देखिएको हुँदा यो अनुसन्धान सहयोगी हुने आशा गर्न सकिन्छ ।

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

शिक्षा आर्थिक एवं सामाजिक रुपान्तरणको आधारशीला हो । शिक्षा प्राप्त गर्ने औपचारिक थलो विद्यालय हो । विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप सफल तथा प्रभावकारी बनाई गुणस्तरीय शिक्षा हासिल हुन सकेमा मात्र शिक्षाको उद्देश्य पुरा हुन्छ । त्यसैले शिक्षाको उद्देश्य पुरा गर्नका लागि विद्यालयमा गरिने सम्पूर्ण क्रियाकलापहरुलाई सफल बनाउनका लागि विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक तथा कर्मचारिहरुलाई आ-आफ्नो पेशाप्रति प्रेरित गर्न आवश्यक छ । यसका लागि विद्यालयमा सुपरिवेक्षण निरन्तर रुपमा गर्नुपर्छ । यहाँ संस्थागत विद्यालयहरुमा शैक्षिक सुपरिवेक्षणको स्थिती शिर्षकमा शोध कार्य गर्ने सन्दर्भमा पुर्वस्थापित मान्यता तथा सिद्धान्तलाई आधार मान्दा मेरी पार्कर फोलेटका अनुसार संघ संस्थामा उत्पादन बढाउन ब्यवस्थापकले कामदारहरुको भावना र चाहना बुझेर मानवीय सम्बन्ध बढाउनु पर्छ । मानवीय सम्बन्ध बढाउन मनमुटाव र कलह समाप्त गर्नु पर्छ । त्यसै गरि अव्राहम मास्लोका अनुसार संघ संस्थामा काम गर्ने व्यक्तिहरुको उत्प्रेरणा बढाउन उनीहरुका श्रृंखालबद्ध आवश्यकताहरु क्रमश पुरा गर्दै जानु पर्छ । विद्यलयमा निरीक्षण तथा सुपरिवेक्षणसंग सम्बन्धित व्यक्तिहरुले पनि आपसमा मानवीय सम्बन्ध कायम गर्नु पर्छ र उनीहरुका आवश्यकताका सम्बन्धमा सम्बन्धित निकायले ध्यान पुऱ्याउनु पर्ने हुन्छ । यसै गरी पुर्वसाहित्यको अध्ययनले समेत शोध कार्य सरल र सहज भएको पुष्टि हुन्छ ।

## २.४ अवधारणात्मक खाका

संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणले पाठ्यक्रम कार्यान्वयनमा पारेका प्रभावहरुका बारेमा गर्न लागिएको यो अनुसन्धानमा निम्नानुसारको अवधारणात्मक खाका प्रस्तुत गरिएको छ ।




संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणले पाठ्यक्रम कार्यान्वयनमा पारेका प्रभावहरुका बारेमा चर्चा गर्दा बिद्यालयको समग्र बाताबरण, प्र.अ., बि.नि., स्रोत व्यक्ति तथा अन्य आन्तरिक तथा बाह्य तत्वहरुको भूमिका उल्लेखनीय रहेको देखिन्छ।

# परिच्छेद : तीन

# अध्ययन विधि र प्रक्रिया

कुनै पनि अध्ययन अनुसन्धानलाई सार्थक निष्कर्षमा पुऱ्याउन अपनाइने प्रक्रियालाई विधि भनिन्छ । कुनै तरिका वा प्रक्रिया नअपनाइ गरिएको अनुसन्धान कार्यमा बाधा अड्चनहरु उत्पन्न हुन सक्छन् तसर्थ यस अनुसन्धानलाई निर्धारित लक्ष्य सम्म पुऱ्याउन केहि निश्चित विधिहरु अपनाइएको छ ।

## ३.१. अनुसन्धानात्मक ढाँचा

अनुसन्धान कार्यका लागि निश्चित योजनाको आवश्यकता पर्दछ । पुर्व योजना बिना गरिएको अनुसन्धानबाट लक्ष्यसम्म पुग्न सकिदैन । अनुसन्धानका लागि गरिने पुर्व योजनालाई नै अनुसन्धान ढाँचा भनिन्छ । यसले अनुसन्धालाई मार्ग निर्देशन गर्दछ । अनुसन्धान ढाँचाले कस्तो तथ्याङ्क प्रयोग गर्ने, तथ्याङ्क कसरी प्राप्त गर्ने, तिनिहरुलाई कसरी विश्लेषण गर्ने, प्रतिवेदन कसरी तयार गर्ने भन्ने सम्बन्धमा सहयोग पुऱ्याउँछ । अनुसन्धान मुख्यत वर्णनात्मक र गुणात्मक ढाँचामा गरिन्छ । यो अनुसन्धान गुणात्मक ढाँचामा आधारित छ । वर्तमान अवस्थामा संस्थागत विद्यालयमा भए गरेका गतिविधि सम्बन्धी तथ्याङ्क संकलन गरी प्राप्त तथ्याङ्कहरुलाई व्याख्या र विष्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## ३.२ जनसंख्या, नमुना र नमुना छनोट रणनीति

अनुसन्धान एक जटिल कार्य भएको हुँदा सम्पूर्ण जनसंख्यामा आधारित भएर निष्कर्ष निकाल्न सम्भव हुदैन तसर्थ अनुसन्धानलाई सहज विश्वसनीय र वैध बनाई निर्धारित समयमा कार्य सम्पन्न गर्नका लागि निश्चित जनसंख्या र ती जनसंख्याबाट उपयुक्त नमुना छनोट आवश्यक हुन्छ ।

### ३.२.१ जनसङ्ख्या

कुनै पनि अध्ययन अनुसन्धान तथा खोज कार्यका लागि निश्चित क्षेत्र र जनसंख्या लिनु पर्ने हुन्छ । अध्ययनका लागि अध्ययनकर्ताले सकेसम्म फराकिलो क्षेत्र लिनु उपयुक्त हुन्छ । तर सिमित स्रोत साधन र समयको कारणले गर्दा धेरै ठूलो क्षेत्र समेट्न सम्भव नहुने हुदा निश्चित जनसंख्यालाई आधार मानेर निष्कर्ष प्राप्त गरी अन्य क्षेत्रमा सामान्यीकरण गर्ने प्रयास गरिएको थियो । यो अध्ययनका लागि सुनसरी जिल्ला अन्तर्गत संस्थागत विद्यालयहरु, त्यहा कार्यरत प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, विद्यालय संस्थापकहरु, उक्त विद्यालयसंग सम्बन्धित विद्यालय निरीक्षकहरु / स्रोत व्यक्तिहरु र अभिभावकहरुलाई जनसंख्याका रुपमा लिइएको छ ।

### ३.२.२ नमुना

अध्ययनको लागि निर्धारण गरिएको पुरै जनसङ्ख्यासंग प्रत्यक्ष सम्पर्क गरी तथ्यांक संकलन गर्न कठिन हुने भएकाले अध्ययनको विषयमा केन्द्रित भएर निर्धारित जनसंख्याबाट प्रतिनिधि मुलक नमुना छनोट गरिएको छ । यस अध्ययनमा मुल जनसंख्याबाट सबै पक्षको प्रतिनिधित्व हुने गरि उद्देश्यमुलक नमुना छनोटका आधारमा निम्न अनुसारको नमुना छनौट गरिएको छ ।

<table>
<tr><th>क्र.स.</th><th>विद्यालयको नाम</th><th>प्र.अ.</th><th>वि.व्य.स पदाधिकारीहरु/ अभिभावक/शिक्षकहरु</th><th>शिक्षक</th><th>वि.नि.</th><th>स्रोतव्यक्ति</th></tr>
<tr><td>१.</td><td>श्री बिष्णु मेमोरियल आवासिय उ.मा.वि., धरान</td><td>१</td><td>१</td><td>१</td><td rowspan="5">१</td><td rowspan="5">१</td></tr>
<tr><td>२.</td><td>श्री बिजयपुर उच्च.मा.वि, धरान</td><td>१</td><td>१</td><td>१</td></tr>
<tr><td>३.</td><td>श्री युरेका उच्च मा. बि., धरान</td><td>१</td><td>१</td><td>१</td></tr>
<tr><td>४.</td><td>श्री जेम्स इ.वो.स्कुल, धरान</td><td>१</td><td>१</td><td>१</td></tr>
<tr><td>५.</td><td>श्री हिमालयन इ.वो.स्कुल, धरान</td><td>१</td><td>१</td><td>१</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५</td><td>५</td><td>५</td><td>१</td><td>१</td></tr>
</table>

### ३.२.३ नमुना छनोट रणनीति

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क संकलन गर्न नमुनाको छनौट गर्दा प्र.अ. ⁄ प्रिन्सिपल, शिक्षक, विद्यालय संस्थापक, विद्यालय व्वस्थापन समितिका पदाधिकारीहरु, वि.नि. ⁄ श्रोत व्यक्ति लाई उद्देश्यमुलक नमुना छनोट विधि अपनाई छनोट गरिएको छ ।

### ३.३ तथ्याङ्क सङ्कलनका साधनहरु

अनुसन्धानलाई सार्थक निष्कर्षमा पुऱ्याउन उपयुक्त साधनहरुको आवश्यकता पर्दछ । अनुसन्धानलाई सहज हुने सुचना तथा तथ्याङ्क संकलनको निम्ति निम्न साधनहरु प्रयोगमा ल्याइएको छ ।

### ३.३.१ अन्तरवार्ता

अध्ययनको क्रममा नमुना जनसंख्या भित्रका व्यक्तिहरुलाई सम्बन्धित विषयमा मौखिक रुपमा प्रश्नहरु सोधि तथ्याङ्क तथा जानकारीहरु संकलन गरिएको छ ।

### ३.३.२ प्रश्नावली

अनुसन्धानको लागि छनौट भएको नमुना जनसंख्या भित्रका व्यक्तिहरुलाई लिखित रुपमा प्रश्नावली निर्माण गरी सूचना तथा तथ्याङ्क संकलन गरिएको छ । प्रश्नावली गर्नु अगावै अध्ययनको प्रयोजन तथा विषयवस्तु समेत परिचय गराइएको थियो । अध्ययनको लागि छनौट भएको नमूना जनसङ्ख्या भित्रका प्र.अ., शिक्षकहरू, वि.व्य.स.पदाधिकारीहरू, अभिभावक ⁄ शिक्षाप्रेमीहरू, वि.नि., स्रोत व्यक्तिहरूलाई लिखित रूपमा प्रश्नावली निर्माण गरी सूचना, तथ्याङ्कहरू सङ्कलन गरिएको थियो । प्रश्नावलीको नमुना अनुसूची-१, अनुसूची-२, अनुसूची-३ र अनुसूची-४ मा दिइएको छ ।

### ३.३.३ अभिलेख अध्ययन

अनुसन्धानका लागि विद्यालय सुधार योजना, वि.व्य.स. बैठक पुस्तिका, शिक्षक स्टाफ बैठक पुस्तिका, निरीक्षण पुस्तिका, शिक्षक हाजिरी खाता, विद्यार्थी हाजिरी खाता आदिको अध्ययन गरिएको थियो ।

**३.४ तथ्याङ्कका स्रोतहरू**

अनुसन्धाका क्रममा आवश्यक सूचना तथा जानकारीका लागि निम्नानुसारका तथ्यांक संकलनका स्रोतहरुको उपयोग गरिएको थियो ।

**३.४.१ प्राथमिक स्रोत**

अनुसन्धानकर्ताद्वारा सम्बन्धित स्थलमा गई पहिलो पटक संकलन गरिएको तथ्याङ्कलाई प्राथमिक तथ्याङ्क भनिन्छ । यस विधिमा प्रश्नावली, अवलोकन, अन्तर्वार्ता आदि साधनको प्रयोग गरी तथ्याङ्क संकलन गरिन्छ । प्राथमिक तथ्याङ्क पहिलो पटक संकलन गरिने हुदा संकलन र प्रयोग गर्न निकै कठिन हुने भएता पनि यो स्रोतबाट प्राप्त तथ्याङ्कहरु उपयोगी, बढि विश्वसनीय र वैद्य हुन्छन् । यस अनुसन्धानमा तथ्याङ्क सङ्कलनको लागि छनौट गरिएको नमूना जनसङ्ख्यामा पर्ने व्यक्तिहरु प्र.अ/प्रिन्सिपल, शिक्षकहरू, वि.व्य.स.पदाधिकारीहरू, अभिभावक/शिक्षाप्रेमीहरू, वि.नि. र स्रोत व्यक्तिलाई प्राथमिक स्रोतको रूपमा प्रयोग गरिएको छ ।

**३.४.२ द्वितीय स्रोत**

अन्य प्रयोजनका लागि पहिले नै संकलन गरिएको तथ्यङ्कलाई द्वितीय स्रोत तथ्याङ्क भनिन्छ । अनुसन्धानका क्रममा प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्कहरु मात्र प्रयोग गरेर सम्भव हुदैन । विद्यालयको अभिलेख, विद्यालयबाट प्रकासित स्मारिकाहरु, पहिलेनै भए गरिएका अनुसन्धानात्मक दस्तावेजहरु प्रायोग गर्नु पर्ने हुन्छ । एक पटक प्राथमिक स्रोतका रुपमा प्रयोग भइसकेको तथ्याङ्कहरु पुन अन्य अध्ययन र अनुसन्धाका लागि द्वितीय स्रोतमा परिणत हुन्छ । यस अनुसन्धानमा तथ्याङ्क सङ्कलनका लागि विद्यालयको अभिलेख, शैक्षिक रचनाहरु, पत्रपत्रिका, शैक्षिक प्रतिवेदनहरु साथै बिभिन्न प्रकाशित पुस्तकहरुमा प्राप्त भएका सूचना, जानकारी र तथ्याङ्कहरुलाई द्वितीय स्रोतको रुपमा प्रयोग गरिएको ।

**३.५ तथ्याङ्क संकलन प्रक्रिया**

सुनसरी जिल्लाको धरान उपमहानगरपालिकामा संचालित संस्थागत विद्यालयहरुमा सुपरिवेक्षणले पाठ्यक्रम कार्यान्वयनमा पारेको प्रभाव शीर्षकको अनुसन्धानमा शोध कर्ता स्वयं नमुना छनौट गरिएका विद्यालयहरुमा गई वि.ब्य.स. पदाधिकारी,प्र.अ.,शिक्षक र

अभिभावक/शिक्षाप्रेमीहरुका लागि पुर्व निर्मित तथ्याङ्क संकलनका साधन प्रश्नावलीको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको थियो । अध्ययनको कममा विद्यालयको निरीक्षण पुस्तिका र अन्य अभिलेख अध्ययन तथा अवलोकन र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी प्रधानाध्यापक, शिक्षक, कर्मचारी, अभिभावकहरुसंग सामुहिक तथा व्यक्तिगत रुपमा विद्यालयमा सुपरिवेक्षण सम्बन्धमा भए गरेका कार्यका बारेमा  छलफल गरी सूचना संकलन गरिएको थियो ।

**३.६ तथ्यांक विश्लेषण प्रक्रिया**

यो अनुसन्धानको लागि अध्ययन कर्ता स्वयंबाट स्थालगत अध्ययन र खुल्ला तथा बन्द प्रश्नावलीबाट संकलन गरिएको तथ्याङ्कलाई बढी भरपर्दो र विश्वसनीय बनाउन व्याख्या र विश्लेषण गरिएको छ । नमुना छनोट गरिएका सम्पूर्ण व्यक्तिहरुबाट प्राप्त सूचनाहरुलाई व्याख्या र विश्लेषण गरी प्रचलित शिक्षा ऐन, नियम तथा माथि उल्लेखित सिद्धान्तहरुसँग तुलना गरी निचोड निकालिएको छ । व्याख्या र विश्लेषण गर्दा सकेसम्म सुनसरी जिल्लाको यथार्थ धरातलमा रहेर गरिएको छ । प्राप्त तथ्यांकलाई तालिकाको, माध्यमबाट विश्लेषण गरिएको छ ।

# परिच्छेद : चार

# नतिजाको छलफल

अध्ययन अनुसन्धानलाई सार्थक निष्कर्षमा पुऱ्याउन सान्दर्भिक सिद्धान्तहरु, लेख,रचनाहरु सम्बन्धित विषयका अनुसन्धान प्रतिवेदनहरु समेतको सहयोग लिनु पर्ने हुन्छ । यस अनुसन्धानमा पनि सोही अनुसारका सिद्धान्तहरु, तथा शिक्षासँग सम्बन्धित ऐन, नियम र प्रतिवेदनहरूबाट सहयोग लिइएको छ । सुनसरी जिल्लामा जम्मा २१ ओटा स्रोतकेन्द्रहरू मध्ये एउटा श्री सदन उ.मा.वि. धरान स्रोतकेन्द्रलाई अध्ययनको क्षेत्र मानी सो क्षेत्र अन्तर्गत छनौट भएका पाँच ओटा नमूना विद्यालयहरू र उक्त विद्यालयहरूसँग सम्बन्धित १७ जना व्यक्तिहरूलाई नमुना जनसङ्ख्याको रूपमा छनोट गरी प्रश्नावली, अन्तर्वार्ताका साथै विद्यालयमा रहेका अभिलेखहरु आदिको माध्यमबाट प्राप्त तथ्याङ्क एवम् सूचनाहरूलाई तालिकामा देखाई व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणको वर्तमान अवस्था

संस्थागत विद्यालयहरु मुनाफाले प्रेरित भई व्यवसायिक रुपमा संचालित नीजि विद्यालयहरु हुन् । यी विद्यालयहरुमा सरकारी निकायहरुले नियमानुसार अनुगमन र नियमन गर्नु पर्ने हुन्छ । तर नीजि विद्यालयहरुमा सरकारी तथा स्थानीय स्तरबाट सुपरिवेक्षण नहुने गुनासाहरु सुन्न पाइन्छ । त्यसैले संस्थागत विद्यालयहरुमा सुपरिवेक्षणको बस्तविक अवस्था कस्तो छ भनी पत्ता लगाउन यो अनुसन्धानका क्रममा सुनसरी जिल्ला अन्तर्गतको श्री सदन उ.मा.वि. धरान स्रोतकेन्द्रमा रहेका संस्थागत विद्यालयहरूमा शैक्षिक सुपरिवेक्षणको बर्तमान अवस्थाको निम्न शीर्षकहरुमा आधारित भई पहिचान गरिएको छ ।

### ४.१.१ संस्थागत विद्यालयमा सुपरिवेक्षण गर्ने निकायहरू

नेपालमा केन्द्रदेखि स्थानीय तहसम्म विद्यालयहरूको सुपरिवेक्षण गर्ने निकायहरू रहेका छन् । केन्द्रमा शिक्षा मन्त्रालय र शिक्षा विभाग, क्षेत्रमा क्षेत्रीय शिक्षा निर्देशनालय, जिल्लामा जिल्ला शिक्षा कार्यालय, जिल्ला शिक्षा समिति, स्थानीय तहमा गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक सङ्घ, गा.वि.स./न.पा. हरू विद्यालयको सुपरिवेक्षण गर्ने निकायहरू भएको कुरा शिक्षा ऐन तथा नियमावलीहरुले निर्धारण गरेको छ । संस्थागत विद्यालयहरुको सुपरिवेक्षण गर्ने निकायहरु पनि यिनै हुन् ।

उक्त निकायहरुको सुपरिवेक्षण कार्यमा गहन अभिभारा रहेको हुन्छ । यस अनुसन्धानको क्रममा श्री सदन उ.मा.वि. धरान स्रोतकेन्द्र अन्तर्गतका संस्थागत विद्यालयहरुमा जिल्ला तथा स्थानीय तहमा सुपरिवेक्षण गर्नका लागि देहायका निकाय/ व्यक्तिहरु रहेको पाइयो ।

१) जिल्ला शिक्षा कार्यालय सुनसरीका विद्यालय निरीक्षक ।

२) श्री सदन उ.मा.वि.धरान स्रोतकेन्द्रका स्रोतव्यक्ति ।

३) संस्थागत विद्यालयका प्रधानाध्यापक

४) सम्बन्धित विद्यालयको प्र.अ.,वि.व्य.स., शि.अ. सङ्घ तथा अभिभावकहरू/शिक्षाप्रेमीहरु ।

### ४.१.२ संस्थागत विद्यालयमा स्रोतव्यक्तिद्वारा शैक्षिक सुपरिवेक्षण

स्रोतव्यक्तिको मुख्य काम विद्यालय निरीक्षण तथा शिक्षकको पेशागत दक्षताको विकास गराउनु हो । जसका लागि पाठ्यक्रम, पठ्यपुस्तक, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीहरुको प्रयोग गर्न शिक्षकलाई सहयोग गर्नु, शिक्षण बिधि, शैक्षिक सामग्री निर्माण तथा प्रयोग गर्न निर्देशन दिनु, विद्यालय समुदाय बीचको सम्बन्ध सुदृढ गर्नु, सेवाकालिन तालिम संचालन गर्नु, नमुना पाठ प्रदर्शन गर्नु, कक्षा अवलोकन गरी शिक्षण सिकाइ प्रकृयामा देखिएका कमी कमजोरीहरु हटाउन सुझाव दिनु आदि कार्यहरु गर्नु पर्ने हुन्छ । सदन उ.मा.वि.धरान स्रोतकेन्द्रका स्रोतव्यक्तिबाट शैक्षिक सत्र २०७१ देखि २०७२ को जेठ महिनासम्ममा कति कति पटक सुपरिवेक्षण भएको थियो ? भन्ने जानकारी ती विद्यालयमा रहेको निरीक्षण पुस्तिकाको अध्ययनबाट प्राप्त भएको छ । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ -

तालिका १

स्रोत व्यक्तिबाट भएको निरीक्षण अवस्था

| सि.न. | विद्यालयको नाम | २०६९ | २०७० | २०७१ | २०७२ जेठ |
|---|---|---|---|---|---|
| १ | श्री बिष्णु मेमोरियल आ.उ.मा.वि. धरान -९ | १ | १ | - | - |
| २ | श्री बिजयपुर उच्च मा. बि. धरान - १४ | - | १ | - | - |
| ३ | श्री यूरेका उच्च मा.बि. धरान- ४ | - | १ | १ | - |
| ४ | श्री जेम्स इ.बो.स्कुल धरान-११, | - | १ | - | - |
| ५ | श्री हिमालयन इ.बो.स्कुल धरान- १२ | - | १ | - | - |

स्रोतः विद्यालय निरीक्षण पुस्तिका, २०७२

उपर्युक्त तालिका अध्ययन गर्दा शैक्षिक सत्र २०६९ देखि २०७० सम्ममा श्री बिष्णु मेमोरियल आ.उ.मा.वि.मा स्रोतव्यक्तिले २०६९ र २०७० मा १/१ पटक सुपरिवेक्षण गरेको पाइयो भने गत शै.स. २०७१ र चालु शै.स. २०७२ को जेठ महिनासम्म सुपरिवेक्षण नगरेको देखिन्छ । त्यसै गरी विजयपुर उच्च मा. बि. मा शै.स. २०६९ देखि शै.स. २०७० को जेठ महिनासम्ममा जम्मा १ पटक, यूरेका उच्च मा.बि. मा इ.बो. २०६९ मा र २०७० मा १ पटक सुपरिवेक्षण गरेको देखिन्छ । यसरी नै जेम्स इ.बो.स्कुल धरान र हिमालयन इ.बो.स्कुल धरानमा शै.स. २०६९ मा १/१ पटक र अन्य वर्षहरुमा सुपरिवेक्षण नभएको पाइयो ।

माथिको ब्याख्याबाट के स्पष्ट हुन्छ भने स्रोतब्यक्तिबाट संस्थागत विद्यालयहरुमा सुपरिवेक्षण न्यून रुपमा रहेको छ । चार वर्षमा एक पटक मात्र सुपरिवेक्षण हुनुलाई ठूलो कमजोरीका रुपमा हेर्न सकिन्छ । स्रोतकेन्द्र विकास निर्देशिका २०५९ मा स्रोतब्यक्तिले हरेक महिना कम्तिमा १० दिन विद्यालयको निरीक्षणमा छुट्याउनु पर्छ भनी उल्लेख गरिएको छ । तर माथिको अभिलेखबाट स्रोतब्यक्तिद्वारा  नियमानुसार विद्यलयको सुपरिवेक्षण भएको देखिंदैन ।

मास्लोको अभिप्रेरणाको सिद्धान्त अनुसार कामप्रति उत्प्रेरणा बढाउन काममा संलग्न ब्यक्तिहरुका आवश्यकताहरु पूर्ती गर्दै जानु पर्दछ । निरीक्षण तथा सुपरिवेक्षण कार्यलाई ब्यवस्थित बनाउन स्रोतब्यक्तिका सुपरिवेक्षण सामग्री, निरीक्षण भत्ता तथा तालिमको ब्यवस्था जस्ता आवश्यकताहरुको परिपूर्ती गरी उनीहरुलाई कामप्रति उत्प्रेरित गर्नु पर्छ । विद्यालयमा प्रधानाध्यापक र शिक्षकहरुलाई शिक्षण सिकाइ कियाकलापसँग सम्बन्धित विबिध समस्याहरुको समाधानका उपायहरुको आवश्यकता परिरहेको हुन सक्दछ । शिक्षण बिधि, शैक्षिक सामग्री निर्माण र प्रयोग, विज्ञान तथा प्रविधिले विकास गरेका नयाँ नयाँ प्रविधिको शिक्षामा प्रयोग आदि विषयहरुमा शिक्षकहरुले प्रविधिक सेवाको आवश्यकता महशुस गरी रहेका हुनसक्छन् । यस्तो अवस्थामा स्रोतब्यक्तिद्वारा उनीहरुसँग मानवीय सम्बन्ध कायम गरी उक्त आवश्यकताहरु पुरा गर्न मद्दत गर्नु पर्दछ । तव मात्र शिक्षण सिकाइ सफल तथा प्रभावकारी हुन्छ र तोकिएका उद्देश्यहरु पुरा हुन्छन् । त्यसैले स्रोतब्यक्तिबाट नियमानुसार सुपरिवेक्षण गरी  सुपरिवेक्षण प्रकृयालाई प्रभावकारी बनाउँदै लैजानु जरुरी देखिन्छ ।

विद्यालय संख्या बढी नै भए पनि माथिको तथ्याङ्क अनुसार संस्थागत विद्यालयहरुमा सुपरिवेक्षण कार्य ज्यादै न्यून भएको देखिन्छ । त्यसैले स्रोतव्यक्तिबाट संस्थागत विद्यालयमा नियमानुसार निरन्तर सुपरिवेक्षण गर्नु पर्ने देखिन्छ ।

### ४.१.३ संस्थागत विद्यालयमा विद्यालय निरीक्षकद्वारा शैक्षिक सुपरिवेक्षण

विद्यालयमा शिक्षण सिकाई क्रियाकलापमा आई पर्ने समस्याहरुको समाधानका लागि शिक्षक तथा प्रधानाध्यापकहरुलाई सहायता प्रदान गर्नु सुपरिवेक्षणको कार्य हो । वि.सं.२०१५ सालमा शिक्षा विभागको स्थापना भए पश्चात नेपालमा सुपरिवेक्षणको शुरुआत भए पनि राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८ ले मात्र यसलाई प्राविधिक सेवाको रुपमा स्वीकार गरी सुपरिवेक्षण कार्यका लागि शिक्षा सेवाका विद्यालय निरीक्षकहरु रहने व्यवस्था गऱ्यो ( विद्यालय सुपरिवेक्षण स्रोत सामग्री, २०५३) । जुन व्यवस्था आज पनि छँदैछ । हाल हरेक जिल्लामा विद्यालय संख्याको आधारमा वि.नि.को दरबन्दी निर्धारण गरी विद्यालय सुपरिवेक्षण गर्ने गरउने व्यवस्था छ । यसै सन्दर्भमा सुनसरी जिल्ला सदन उच्च मा.बि. स्रोतकेन्द्र अन्तर्गतका ५ वटा संस्थागत विद्यालयहरुमा सम्बन्धित क्षेत्रका विद्यालय निरीक्षकबाट शैक्षिक सत्र २०६९ देखि २०७२ को जेठ महिनासम्ममा भएको सुपरिवेक्षण उक्त विद्यालयहरुमा रहेको निरीक्षण पुस्तिकाको अध्ययनबाट प्राप्त भएको तथ्याङ्कलाई निम्नानुसार प्रस्तुत गरिन्छ ।

तालिका २

विद्यालय निरीक्षकबाट भएको निरीक्षण अवस्था

| सि.न. | विद्यालयको नाम | २०६९ | २०७० | २०७१ | २०७२ जेठ |
|---|---|---|---|---|---|
| १ | श्री बिष्णु मेमोरियल आ.उ.मा.वि. धरान - | १ | १ | - | - |
| २ | श्री बिजयपूर उच्च मा. बि. धरान - १४ | - | १ | - | - |
| ३ | श्री यूरेका उच्च मा.बि. धरान- ४ | - | १ | - | - |
| ४ | श्री जेम्स इ.बो.स्कुल धरान-११, | - | १ | - | - |
| ५ | श्री हिमालयन इ.बो.स्कुल धरान- १२ | - | १ | - | - |

स्रोतः विद्यालय निरीक्षण पुस्तिका, २०७२

उपर्यूक्त तालिको विश्लेषण गर्दा विद्यालय निरीक्षकबाट श्री बिष्णु मेमोरियल आ.उ.मा.वि. धरानमा शै. स. २०६९ र २०७० मा १/१ पटक सुपरिवेक्षण गरेको देखिन्छ भने गत शै.स.२०७१ देखि चालु शै.स.२०७१ को जेठ महिनासम्म एक पटक पनि सुपरिवेक्षण भएको छैन । त्यसै गरी अन्य चारवटा विद्यालयहरुमा १/१ पटक मात्र सुपरिवेक्षण हुनु भनेको विडम्बना नै हो । सुगम ठाउँका संस्थागत विद्यालयहरुमा यसरी वर्षौंसम्म सुपरिवेक्षण नहुनुलाई ठूलो कमजोरीका रुपमा हेर्न सकिन्छ ।

शिक्षा नियमावली २०५९ मा विद्यालय निरीक्षकले प्रत्येक महिनामा कम्तिमा एक पटक विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्ने गराउने र त्यसरी निरीक्षण तथा सुपरिवेक्षण गर्ने क्रममा प्रधानाध्यापक र व्यवस्थापन समितिसँग छलफल गरी छलफल भएको कुरा र निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी ब्यहोरा विद्यालयको निरीक्षण पुस्तिकामा जनाउने तथा जनाउन लगाउने भन्ने ब्यवस्था छ । तर उक्त विद्यालयहरुको स्थलगत अवलोकनका क्रममा निरीक्षण पुस्तिकाको अध्ययन गर्दा निरीक्षणको क्रममा यसरी प्रधानाध्यापक र ब्यवस्थापन समितिका पदाधिकारीहरुसँग छलफल गरी छलफल भएको कुरा निरीक्षण पुस्तिकामा उल्लेख गरिएको पाइएन । माथिको तालिकालाई विश्लेषण गर्दा वि.नि.द्वारा नियमावली बमोजिम तोकिएको आफ्नो निरीक्षण क्षेत्र अन्तर्गतका संस्थागत विद्यालयहरुमा निरीक्षण/सुपरिवेक्षण गर्ने कर्तब्य पुरा गर्न सकेको देखिँदैन ।

अध्ययन क्षेत्रको छनौट भएका नमुना विद्यालयसँग सम्बन्धित निरीक्षण क्षेत्रका विद्यालय निरीक्षकसँग प्रश्नावली मार्फत संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणको बर्तमान अवस्था पत्ता लगाउन प्रश्नहरु सोधिएकोमा निम्नानुसारको जानकारी प्राप्त गरिएको छ ।

तालिका ३

संस्थागत विद्यालयमा विद्यालय निरीक्षकद्वारा शैक्षिक सुपरिवेक्षण

| सि.नं. | प्रश्नहरू | उत्तरहरु |
|---|---|---|
| १ | नियमित रूपमा विद्यालय सुपरिवेक्षण गर्नुभएको छ ? | नियमित हुँदैन |
| २ | विद्यालय सुपरिवेक्षण कति पटक हुन्छ ? | कहिलेकाहीँ |
| ३ | विद्यालय सुपरिवेक्षण गर्दा वि.व्य.स. पदाधिकारी र अभिभावकहरूसँग अन्तरक्रिया हुन्छ ? | कहिलेकाहीँ |
| ४ | हालको विद्यालय सुपरिवेक्षणको अवस्था कस्तो छ ? | प्रभावकारी हुन सकेको |

स्रोत :स्थलगत अध्ययन, २०७२

उपर्युक्त तालिकाको अध्ययन गर्दा सदन उच्च मा.बि. स्रोतकेन्द्रका संस्थागत विद्यालयहरुमा वि.नि.द्वारा नियमित रुपमा सुपरिवेक्षण हुन नसकेको, कहिलेकाहीँ मात्र सुपरिवेक्षण हुँदा पनि सम्बन्धित विद्यालयका वि.ब्य.स.पदाधिकारी तथा अभिभावकहरुसँग थोरै मात्र अन्तर्क्रिया हुने गरेको देखिन्छ । यसबाट स्पष्ट हुन्छ की बर्तमान अवस्थामा संस्थागत विद्यालयहरुमा प्रभावकारी रुपमा सुपरिवेक्षण हुन सकेको छैन ।

मानव सम्बन्ध सिद्धान्तका अनुसार संघ संस्थामा उत्पादन बढाउन कामदारहरुको भावना र चाहना बुझेर ब्यवस्थापकले उनीहरुसँग सुमधुर मानव सम्बन्ध बढाउनु पर्छ । मानवीय सम्बन्ध विकासका लागि ब्यवस्थापकले कामदारहरुसँग उनीहरुका विचार, कामगर्ने तरिका बुझी अस्पष्ट भएका कुरामा स्पष्ट भई मनमुटाव हटाउनु पर्छ । तर विद्यालय निरीक्षकबाट संस्थागत विद्यालयहरुमा नियमित सुपरिवेक्षण नहुनु ,थोरबहुत निरीक्षण हुँदा पनि सरोकारवाला ब्यक्तिहरु, वि.ब्य.स.पदाधिकारी र अभिभावकहरुसँग अन्तरक्रिया कम हुनुले यस सिद्धान्त अनुरुप दायित्व पुरा गर्न नसकेको देखिन्छ । त्यसैले वि.नि.द्वारा शिक्षक, विद्यर्थी र अभिभावक बीच मानवीय सम्बन्ध स्थापना गरेर विद्यालयमा काम गर्ने वतावरण मिलाइ दिनु पर्दछ । अनि मात्र शिक्षण सिकाइ प्रभावकारी हुन्छ र विद्यालयको लक्ष्य पुरा हुन्छ ।

### ४.१.४ संस्थागत विद्यालयमा प्रधानाध्यापकद्वारा सुपरिवेक्षण

प्र.अ. आफ्नो विद्यालयको शैक्षिक नेता हो । शैक्षिक लक्ष्य प्राप्तिका लागि शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावकलाई प्रेरित गर्न सक्नुपर्छ । उसमा शिक्षण बिधि, शैक्षिक सामग्री, शैक्षिक संगठन र मूल्याङ्कन प्रविधिको ज्ञान हुन जरुरी छ (कोइराला, श्रेष्ठ, २०५९) शिक्षा नियमावली २०५९ मा प्र.अ.ले शिक्षकहरूसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने र सो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने भन्ने कुरा उल्लेख गरिएको छ । नियमावलीमा उल्लेख भए बमोजिम प्र.अ. ले शिक्षकहरुसँग सहकार्य गरी कक्षा संचालन सम्बन्धी कार्यक्रम तयार गरी सो बमोजिम भए नभएको सुपरिवेक्षण गर्नु पर्दछ । हाल संस्थागत विद्यालयहरुमा प्र.अ.द्वारा नियमानुसार सुपरिवेक्षण भए नभएको वास्तविक अवस्था पत्ता लगाउन नमुना छनौट गरिएका विद्यालयहरुका प्र.अ.हरुलाई तपाइँ आफ्नो विद्यालयमा नियमित सुपरिवेक्षण गर्नु हुन्छ ? भनी प्रश्न गरिएकोमा प्राप्त उत्तरलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिन्छ ।

तालिका ४

प्र.अ.द्वारा गरिएको विद्यालय सुपरिवेक्षण

| क.स. | विकल्पहरू | प्र.अ.सङ्ख्या | प्रतिसत |
|---|---|---|---|
| १ | नियमित गर्छु | ४ | ८० |
| २ | नियमित गर्दिन | १ | २० |
| ३ | कहिल्यै गर्दिन | - | - |
| ४ | प्र.अ. ले भ्याइँदैन | - | - |
| ५ | अन्य भए............... | - | - |

स्रोत :स्थलगत अध्ययन, २०७२

उपर्युक्त तालिका अध्ययन गर्दा जम्मा ५ जना प्र.अ. मध्ये ४ जना अर्थात ८० प्रतिसत ले नियमित रूपमा सुपरिवेक्षण गरेको, १ जना अर्थात २० प्रतिसत प्र.अ.ले नियमित रूपमा सुपरिवेक्षण नगरेको देखिन्छ । उक्त तथ्याङ्क अनुसार ४ जना प्र.अ. ले शिक्षा नियमावलीले व्यवस्था गरे बमोजिम नियमित रूपमा सुपरिवेक्षण गरी आफ्नो कर्तब्य पालना गरेको देखिन्छ । नियमित रुपमा सुपरिवेक्षण नगरी आफ्नो जिम्मेवारी पुरा गर्न नसक्ने प्र.अ.ले नियमानुसार सुपरिवेक्षण गर्नु अति आवश्यक छ ।

प्रधानाध्यापक विद्यालयको शिक्षकको साथसाथै सुपरिवेक्षक पनि हो । शिक्षण सिकाइ प्रकृयामा देखिएका समस्याहरुलाई समाधान गरी शिक्षण सिकाइ कियाकलापलाई सहज बनाउन प्र.अ.ले विद्यालयमा शिक्षकको कक्षा शिक्षणको पनि अवलोकन गर्नु पर्छ । यस अनुसन्धानको कममा नमुना छनोटमा परेका विद्यालयका प्र.अ.हरुलाई कक्षा अवलोकनको अवस्था पत्ता लगाउन तपाइँ शिक्षकको कक्षा अवलोकन कति गर्नु हुन्छ ? भन्ने बहुबैकल्पिक प्रश्न गरिएकोमा आएको प्रतिक्रियालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिन्छ ।

तालिका ५

संस्थागत विद्यालयमा प्र.अ.द्वारा कक्षा अवलोकन

| | उत्तरहरू | प्र.अ. सङ्ख्या | प्रतिसत |
|---|---|---|---|
| क | गरिदैन | ४ | ८० |
| ख | भ्याइँदैन | १ | २० |
| ग | आवश्यकता अनुसार गरिन्छ | - | - |
| घ | पुरै पिरियड पढाउनु पर्ने भएकाले भ्याइँदैन | - | - |
| ङ | अन्य भए …………… | - | - |
| | जम्मा | ५ | १०० |

स्रोत :स्थलगत अध्ययन, २०७२

उपर्युक्त तालिकालाई विश्लेषण गर्दा ५ विद्यालयका ५ जना प्र.अ.हरुमध्ये सबै प्र.अ.बाट कक्षा शिक्षण अवलोकन गरिदैन भन्ने जवाफ नआएकोले प्र.अ.हरुमा नियमानुसर शिक्षकको कक्षा शिक्षणको अवलोकन गर्नु पर्छ भन्ने धारणा रहेको देखिन्छ। एक जना प्र.अ.ले शिक्षकको कक्षा शिक्षणको अवलोकन गर्न नभ्याएको देखिन्छ। आवश्यकता अनुसार अवलोकन गरिन्छ भन्ने विकल्पमा ४ जना अर्थात ८० प्रतिसत प्र.अ.को उत्तर प्राप्त भएकोमा यसलाई सराहनीय मान्नु पर्छ। बढी कक्षा लिनु परेको तथा भौतिक निर्माण जस्ता कार्यहरुले कक्षा अवलोकन गर्न नभ्याएको भन्ने उत्तर आए पनि प्र.अ.हरुले समय निकालेर नियमित रुपमा कक्षा अवलोकन गर्नु अनिवार्य हुन्छ।

### ४.१.५ संस्थागत विद्यालयमा विद्यालय व्यवस्थापन समिति अभिभावक र शिक्षाप्रेमीहरूबाट सुपरिवेक्षण

विद्यालय समाजको एउटा अंग हो। विद्यालय विना समाजको गति नै रोकिन गई सभ्यताको विकास पनि हुन सक्दैन भने समाज विना विद्यालयको पनि कुनै अस्तित्व रहँदैन। त्यसैले यी दुई पक्षहरु एक आपसमा परिपुरक छन्। समुदायलाई आवश्यक पर्ने मानव स्रोत विद्यालयले उत्पादन गर्दछ भने समुदायले विद्यालयको स्थापना, संचालन, रेखदेख र परिचालन गरी भाषा, संस्कृती, धर्म, चालचलन र रीतिरिवाजहरु दोस्रो पुस्तामा हस्तान्तरण गर्न सहयोग पुऱ्याउँछ (शर्मा,२०६०)। यसको अर्थ समुदायलाई आवश्यक पर्ने जनशक्ती

विद्यालयले उत्पादन गरिदिन्छ भने समुदायले विद्यालयको स्थापना, रेखदेख, निरीक्षण, नियन्त्रण र सुपरिवेक्षण गर्ने  गर्दछ । सुपरिवेक्षण सम्बन्धी कार्य शिक्षा मन्त्रालय मातहतका कर्मचरी, वि.नि.र स्रोतब्यक्तिहरुको मात्र हैन । विद्यालयको प्रत्यक्ष सम्बन्ध स्थानीय समुदायसँग हुने भएकोले स्थानीय स्तरबाट समेत सुपरिवेक्षण हुनु जरुरी छ ।

शिक्षा ऐन २०२८ मा संस्थागत विद्यालयको सञ्चालन, रेखदेख, र व्यवस्थापन गर्नको लागि हरेक विद्यालयमा अभिभावक, शिक्षाप्रेमी समाजसेवी, विद्यालयका चन्दादाता विद्यालय संस्थापक आदि सदस्यहरु रहने गरी विद्यालय व्यवस्थापन समिति गठन गर्नु पर्ने ब्यवस्था उल्लेख गरी विद्यालय सुपरिवेक्षणको दायित्व स्थानीय तहसम्म कानूनी रुपबाटै हस्तान्तरण गरिएको छ ।   यो अध्ययनको कममा नमुना छनोट गरिएका संस्थागत विद्यालयहरुमा स्थलगत अवलोकन र वि.ब्य.स.,पदाधिकारीहरु, शिक्षाप्रेमी लगायत अभिभावकहरुसँग छलफल र प्रश्नावली गरिएको थियो । उक्त कममा संस्थागत विद्यालयहरुमा समुदायबाट के कसरी सुपरिवेक्षण भई रहेको छ ? भनी पत्ता लगाउनका लागि तपाइँ शिक्षकको कक्षा शिक्षण अवलोकन कति गर्नु हुन्छ ? भन्ने बहुबैकल्पिक प्रश्न सोधिएकोमा प्राप्त उत्तरहरुलाई निम्न तालिकामा दिइएको छ ।

तालिका ६

विद्यालय व्यस्थापन समिति पदाधिकारी, अभिभावक र शिक्षाप्रेमीहरुबाट सुपरिवेक्षण

| उत्तरहरू | | प्र.अ. सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| क | गरिदैन | - | - |
| ख | भ्याइँदैन | १ | २० |
| ग | अवश्यकता अनुसार गरिन्छ | ३ | ६० |
| घ | कहिलेकाही छड्के निरीक्षण गरिन्छ | १ | २० |
| ङ | अन्य भए …………… | - | - |
| | जम्मा | ५ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७२

उपर्युक्त तालिकाको अध्ययन गर्दा जम्मा ५ जना वि.व्य.स पदाधिकारी अभिभावक र शिक्षाप्रेमीहरुमध्ये ३ जना अर्थात ६० प्रतिसतले आवश्यकता अनुसार कक्षा शिक्षण

अवलोकन गर्ने गरेको, १ जना अर्थात २० प्रतिसतले कहिलेकाहीँ मात्र छड्के निरीक्षण गर्ने गरेको र १ जना अर्थात् २० प्रतिसतले शिक्षकको कक्षा अवलोकन गर्न नभ्याएको देखिन्छ । एक जना अभिभावकले कक्षा शिक्षणको अवलोकन गर्न नभ्याएको तथ्याङ्कबाट देखिएको हुँदा शिक्षा ऐन तथा नियमावलीको पालना भएको देखिदैन । यहाँ मानव सम्बन्ध सिद्धान्तलाई व्यवहारमा उतार्न नसकेको देखिन्छ । आगामी दिनहरुमा वि.व्य.स.पदाधिकारी, अभिभावक र शिक्षाप्रेमीहरुबाट मानव सम्बन्धको सिद्धान्तलाई व्यवहारमा उतार्दै संस्थागत विद्यालयहरुको नियमित सुपरिवेक्षण आवश्यक छ ।

सारांशमा भन्नु पर्दा संस्थागत विद्यालयमा सुपरिवेक्षण कार्य न्यून रुपमा मात्र हुने गरेको पाइयो । विद्यालय सुपरिवेक्षण गर्ने जिम्मा लिएका व्यक्तिहरु वि.नि.र स्रोतव्यक्तिले सबभन्दा कम सुपरिवेक्षण गरेको देखिन्छ । अध्ययन क्षेत्रका विद्यालयमा विद्यालय निरीक्षक र स्रोतव्यक्तिबाट चार शैक्षिक सत्रमा एक पटक मात्र सुपरिवेक्षण भएको पनि पाइयो । विद्यालय संख्याको आधारमा वि.नि.तथा स्रोतव्यक्तिहरुको संख्या कम भएको र भएका वि.नि.तथा स्रोतव्यक्तिहरुका लागि पर्याप्त स्रोत तथा सन्दर्भ सामग्रीहरुको व्यवस्था छैन । वि.नि.तथा स्रोतव्यक्तिहरु तालिम संचालन, तथ्याङ्क संकलन तथा टेबुलेशन र कार्यालयका अन्य प्रशासनिक कार्यमा बढी ब्यस्त हुने गरेकोले सुपरिवेक्षण कम हुने गरेको पाइयो । शिक्षा नियमावली २०५९ मा विद्यालय निरीक्षकले महिनामा एउटा विद्यालयको एक पटक निरीक्षण तथा सुपरिवेक्षण गर्नु पर्ने ब्यवस्था छ । सो बमोजिमको कार्य पुरा हुन नसकेको देखिन्छ । त्यसरी नै स्रोतकेन्द्र निर्देशिका २०५९ मा स्रोतव्यक्तिले प्रत्येक महिनाको कम्तिमा १० दिन समय विद्यालय निरीक्षणका लागि छुट्याउनु पर्छ भनी उल्लेख गरिएको छ । स्रोतव्यक्तिबाट यो निर्देशिका पुरै पालना हुन नसकेको देखिन्छ ।

स्थानीय स्तरबाट विद्यालयको सुपरिवेक्षण गर्ने दायित्व वि.व्य.स., शिक्षक अभिभावक संघ तथा अभिभावकहरुको हो । वहाँहरुबाट विद्यालय सुपरिवेक्षणमा चासो राखेको पाइयो तर केही अभिभावकहरुबाट सुपरिवेक्षण सम्बन्धमा अनविज्ञता देखाउनु, केही अभिभावकहरुले सुपरिवेक्षण गर्न नभ्याएको प्रतिक्रिया दिनुले संस्थागत विद्यालयको सुपरिवेक्षणमा सामुहिक प्रयासमा भने न्यूनता देखिन्छ । वि.नि.र स्रोतव्यक्तिबाट भएको सुपरिवेक्षणलाई शिक्षकहरुबाट आत्मसाथ नगरेको देखिन्छ । वि.व्य.स.तथा अभिभावकहरुबाट हुने सुपरिवेक्षणलाई त झन स्वीकार नगर्ने स्थिति देखिन्छ । निजी बोर्डिङ स्कुलप्रति

अभिभावकहरुको पूर्ण भरोशा हुनु, संस्थागत विद्यालयमा प्र.अ. तथा शिक्षक र कर्मचारीहरुको पेशामा स्थायीत्व नहुनु सुपरिवेक्षण कार्यका लागि प्रतिकुल अवस्था पाइयो ।

## ४.२.संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणले पाठ्यक्रम कार्यान्वयनमा पारेको प्रभाव बिश्लेषण

अध्ययनको क्रममा नमुना छनौटमा परेका सुनसरी जिल्लाका धरान उपमहानगरपालिकाका संस्थागत बिद्यालयमा बिद्यालयको सुपरिबेक्षण नियमित नभएको, सुपरिवेक्षण कागजमा मात्र सीमित भएको, सुपरिबेक्षण पछि पर्याप्त मात्रामा सुझावहरु दिने नगरिएको कारण सो को प्रभाव बिभिन्न बिषयको पाठ्यक्रम कार्यान्वयनमा परेको पाईएको छ । बि.नि., स्रोत व्यक्ति तथा प्र.अ. लगायतका सरोकारवालाहरुले नै पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउने भएकाले सुपरिबेक्षण हुनु जरुरी हुन्छ ।

अध्ययन क्षेत्रका सम्पूर्ण बिद्यालयमा शैक्षिक सुपरिबेक्षण नियमित हुन नसकेको देखिन्छ । नियमनकारी निकायबाट नियमित सुपरिबेक्षण हुन नसक्दा कार्यान्वयनमा ल्याईएका पाठ्यक्रम तथा शैक्षिक कार्यक्रमहरु प्रभावकारी रुपमा लागू हुन सकेका छैनन् ।

## ४.३ संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणमा देखा परेका समस्याहरुको विश्लेषण

नेपालमा हाल सुपरिवेक्षण कार्यका लागि विद्यालय निरीक्षक र स्रोतब्यक्तिहरु रहने ब्यवस्था छ । विद्यालय निरीक्षकहरु निजामती तर्फका शिक्षा सेवाका राजपत्रांकित तृतीय श्रेणीका कर्मचारी हुन् भने स्रोतब्यक्तिहरु विद्यालयबाट काजमा ल्याईएका शिक्षकहरु हुन् । केही स्रोतब्यक्तिहरु शिक्षा शास्त्रमा स्नातक भएका ब्यक्तिहरु मध्ये सिधै अस्थायी नियुक्ति गरिएका पनि छन् । यसरी तीन थरीका सुपरिवेक्षकबाट कसले कसरी सुपरिवेक्षण गर्ने, कसको दायित्व कति हुने स्पष्ट छैन । स्रोतब्यक्तिको छनौटमा राजनीतिक दवाव छ । स्रोतब्यक्तिहरु स्रोतकेन्द्रमा नबस्नु, दण्ड र सजायको ब्यवस्था नहुनु, निरीक्षकहरुका लागि तालिमको ब्यवस्था न्यून हुनु, स्रोतब्यक्ति तथा विद्यालय निरीक्षकहरुको योग्यता कम हुनु, विद्यालय ब्यवस्थापन समिति गठन नहुनु, गठन भए पनि राजनीतिक दवावका आधारमा हुनु, जस्ता नीतिगत, प्रशासनिक र प्राबिधिक समस्याहरुले हाम्रो सुपरिवेक्षण ब्यवस्था ग्रस्त छ (काफ्ले, श्रेष्ठ र सिन्हा, २०६०) । संस्थागत विद्यालयहरुमा त सुपरिवेक्षणको अवस्था झन कमजोर छ । यस अध्ययनमा संस्थागत विद्यालयहरुमा सुपरिवेक्षण ब्यवस्थामा के कस्ता समस्याहरु

के कारणले देखा परे जस्ता विषयमा नमुना छनोट गरिएका विद्यालयमा स्थलगत अवलोकन, अन्तर्क्रिया, छलफल र प्रश्नावलीबाट प्राप्त उत्तरका आधारमा विश्लेषण गरिएको छ ।

### ४.३.१ संस्थागत विद्यालय सुपरिवेक्षणमा मुख्य समस्या

विद्यालयमा शिक्षक र विद्यार्थीबीचको शिक्षण सिकाइ क्रियाकलाप उपयुक्त भए नभएको, विद्यार्थीको सिकाइ प्रभावकारी भए नभएको र शिक्षण सिकाइ प्रक्रियामा आउने समस्याहरूको पहिचान गरी सोको समाधान गर्नु शैक्षिक सुपरिवेक्षण हो । वर्तमान अवस्थामा  संस्थागत विद्यालयको शैक्षिक सुपरिवेक्षण समस्याबाट अछुतो छैन । विद्यालय सुपरिवेक्षणमा विविध समस्याहरू छन् । यसर्थ संस्थागत विद्यालयमा सुपरिवेक्षणमा आउने मुख्य समस्या के कस्ता रहेछन् भन्ने पत्ता लगाउनका लागि अध्ययन क्षेत्रको नमूना छनोट गरिएका विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स.पदाधिकारीहरू र अभिभावक र शिक्षाप्रेमीहरूलाई प्रश्नावली मार्फत सोधिएको प्रश्नबाट आएको जवाफलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ७

विद्यालय सुपरिवेक्षणमा मुख्य समस्या

| उत्तरहरू | प्र.अ.तथा शिक्षक सङ्ख्या | वि.नि.तथा स्रोतव्यक्ति सङ्ख्या | वि.व्य.स.पदाधिकारी/ अभिभावक सङ्ख्या | जम्मा सङ्ख्या |
|---|---|---|---|---|
| राजनीतिक हस्तक्षेप | ३ | - | - | ३ |
| नीतिनियमको पालना नगर्नु | १ | - | १ | २ |
| कार्यव्यस्तता | १ | - | १ | २ |
| औपचारिकतामा मात्र सीमित रहनु | ४ | २ | ३ | ९ |
| अन्य भए ..... | १ | - | - | १ |
| जम्मा | १० | २ | ५ | १७ |

स्रोतः स्थलगत अध्ययन, २०७२

उपर्युक्त तालिकालाई अध्ययन गर्दा जम्मा १० जना प्र.अ.तथा शिक्षकहरूमध्ये ३ जना अर्थात ३० प्रतिसतले राजनीतिक हस्तक्षेप, १ जना अर्थात १० प्रतिसतले नीति नियमको पालना नगर्नु, १ जना अर्थात १० प्रतिसतले कार्यव्यस्तता, ४ जना अर्थात् ४० प्रतिसतले औपचारिकतामा मात्र सीमित रहनुलाई संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणको मुख्य समस्या औँल्याउनु भएको छ भने एक जनाबाट अन्यको महलमा राजनीतिक हस्तक्षेप र औपचारिकतामा मात्र सीमित लेखी दुवैलाई मुख्य समस्याको रुपमा देखाईएको छ । त्यसैगरी जम्मा २ जना  वि.नि. र स्रोत व्यक्तिमध्ये दुवै जनाले अर्थात सत प्रतिसतले औपचारिकतामा मात्र सीमित रहनुलाई विद्यालयमा शैक्षिक सुपरिवेक्षणमा मुख्य समस्या देखाउनु भएको उक्त तथ्याङ्बाट देखिन्छ ।

यसरी नै जम्मा ५ जना वि.व्य.स. पदाधिकारी, अभिभावक र शिक्षाप्रेमीमध्ये १ जना अर्थात २० प्रतिसतले नीति नियमको पालना नगर्नु, १ जना अर्थात २० प्रतिसतले कार्यव्यस्तता र ३ जना अर्थात ६० प्रतिसतले औपचारिकमा मात्र सीमित रहनुलाई विद्यालयको शैक्षिक सुपरिवेक्षणको मुख्य समस्या भएको माथिको तथ्याङ्बाट देखिन्छ  ।

माथिको तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने प्रश्न सोधिएका जम्मा १७ जनामध्ये १७.६४ प्रतिसतले राजनीतिक हस्तक्षेप, ११.७६ प्रतिसतले नीति नियमको पालना नगर्नु, ११.७६ प्रतिसतले कार्यव्यस्ततालाई र ५२.९४ प्रतिसतले औपचारीकतामा मात्र सीमित रहनुलाई विद्यालय सुपरिवेक्षणको मुख्य समस्या मानेको हुनाले यी चारै ओटा कारणहरू विद्यालयको शैक्षिक सुपरिवेक्षणमा बाधक रहेको देखिन्छ । जम्मा १७ जनामध्ये ९ जना अर्थात ५२.९४ प्रतिसतबाट औपचारिकतामा मात्रै सीमित रहनु नै वर्तमान अवस्थामा विद्यालयको शैक्षिक सुपरिवेक्षणको मुख्य समस्या हो भन्ने उत्तर प्राप्त भएको हुँदा यसलाई मुख्य समस्याकै रूपमा लिनुपर्ने हुन्छ किन की यो बहुमतको प्रतिक्रिया पनि हो ।

नेपालको सङ्क्रमण कालीन वर्तमान अवस्थामा राजनीतिक दलहरू सैद्धान्तिक र बैचारिक आस्थामा भन्दा पनि दलगत स्वार्थमा केन्द्रित रहेको अवस्था छ । जसको परिणामस्वरुप वि.व्य.स.गठन गर्दा विवाद आउने गरेको सुनिन्छ । परिणामस्वरूप वि.व्य.स.मा सचेत, योग्य र दक्ष व्यक्तिहरूको सट्टा अयोग्य व्यक्तिहरूले प्रवेश पाएकोले सुपरिवेक्षणमा नकारात्मक प्रभाव परेको देखिन्छ ।

नेपालमा हाल दण्डहिनताको अवस्था छ । शिक्षाक्षेत्रमा पनि नीति  नियम पालन नगर्नेलाई दण्ड दिने प्रचलन कमै देखिन्छ । कुनै एउटा विद्यालयमा दुई तीन वर्षसम्म नपुग्ने विद्यालय निरीक्षक र स्रोतब्यक्तिलाई कुनै किसिमको चेतावनीसम्म पनि दिइएको देखिदैन । यसरी आफ्नो कर्तब्यलाई बिर्सिदिए पछि कार्यसम्पादन राम्रो हुँदैन । त्यसैले आ-आफ्नो क्षेत्रबाट नीति नियमको पालना नगर्नु पनि संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणको समस्या रहेको देखिन्छ ।

राम्रो काम गर्नेलाई पुरस्कार तथा दण्डको व्यवस्था नहुनु, प्र.अ. तथा शिक्षकहरु ब्यवस्थापकप्रति बढी निर्भर हुनु, कर्तव्यको पालना नहुनु, तलब भत्ता कम हुनु आदि कारणहरूबाट वर्तमान अवस्थामा संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणमा प्रभावकरीता आउन नसकेको देखिन्छ ।

### ४.३.२ शिक्षकहरूको धारणामा निरीक्षकहरुमा देखिएको अभावबाट सृजित समस्या

विद्यालयमा सुपरिवेक्षणको जिम्मेवारी लिने ब्यक्तिमा केही खास ब्यक्तिगत तथा ब्यवसायिक अनुसन्धानका कममा नमुना छनोट गरिएका विद्यालयको स्थलगत अवलोकन र प्र.अ.हरुसँगको भेटघाट तथा छलफलमा उनीहरु शिक्षण कार्यका साथै प्रशासनिक कार्यहरुमा बढी ब्यस्त हुने गरेको पाइयो । प्र.अ.हरुले शिक्षकको कक्षा शिक्षण अवलोकन लगायत सुपरिवेक्षण सम्बन्धी अन्य कार्यहरु गर्न नभ्याएको उनीहरुको भनाइ छ जसले सुपरिवेक्षणमा बाधा उत्पन्न गरिरहेको छ ।

सुपरिवेक्षकबाट विविध प्रकारका कार्य तथा भूमिकाहरुको आशा गरिने हुँदा उनीहरुमा इमान्दारिता, उत्सुकता, सम्वेदनशीलता, मौलिकता, पर्याप्तता बोध जस्ता ब्यक्तिगत गुणहरु तथा पर्याप्त शिक्षा, शिक्षण सीप, नेतृत्व सीप, शिक्षण बिधि र सामग्रीको ज्ञान, अनुसन्धान दक्षता, प्रजातान्त्रिक ब्यवहार जस्ता ब्यवसायिक गुणहरु हनु जरुरी छ । यी दुवै प्रकारका गुणहरुलेयुक्त सुपरिवेक्षक मात्र पेशाले मागे अनुसारको जिम्वेवारी निर्वाह गर्न सक्षम हुन्छ (विद्यालय सुपरिवेक्षण स्रोत सामग्री, २०५३) । वर्तमान अवस्थामा संस्थागत विद्यालयको शैक्षिक सुपरिवेक्षणको क्षेत्रमा हेर्ने हो भने निरीक्षक तथा स्रोतब्यक्तिहरुमा कमी कमजोरीहरू देखिन्छ । त्यसैले निरीक्षकहरूमा कुन कुराको अभाव छ ? भन्ने कुरा जानकारी हासिल गर्नका लागि छनौट भएका नमुना विद्यालयहरूका शिक्षकहरूलाई प्रश्न गर्दा प्राप्त भएको जवाफलाई निम्न तालिकामा दिइएको छ ।

तालिका ८

शिक्षकहरूको धारणामा निरीक्षकहरूमा देखिएको अभावबाट सृजित समस्या

| क.स. | उत्तरहरू | शिक्षक सङ्ख्या | |
|---|---|---|---|
| १ | कुनै अभाव देखिदैन | - | - |
| २ | हरेक विषयको विषयगत ज्ञान | ३ | ६० |
| ३ | प्रजातान्त्रिक व्यवहार | १ | २० |
| ४ | सामुहिक चिन्तन | १ | २० |
| ५ | अन्य भए ............... | - | - |

स्रोतः स्थलगत अध्ययन,२०७२

उपर्युक्त तालिकालाई अध्ययन गर्दा जम्मा ५ जना शिक्षकहरूमध्ये ३ जना अर्थात ६० प्रतिसत ले निरीक्षकहरूमा हरेक विषयको विषयगत ज्ञानको अभाव, १ जना अर्थात् २० प्रतिसत ले प्रजातान्त्रिक व्यवहारको अभाव र १ जना अर्थात २० प्रतिसत ले सामुहिक चिन्तनको अभाव भन्ने जवाफ प्राप्त भएको तथ्याङ्कले देखाएको छ। धेरै शिक्षकहरूको धारणामा निरीक्षकहरूमा हरेक विषयको विषयगत ज्ञानको अभाव रहको भन्ने देखिन्छ भने निरीक्षकहरूमा प्रजातान्त्रिक ब्यवहार र सामुहिक चिन्तनको अभाव समेत रहेको तथ्याङ्कले देखाएको छ।

यसबाट स्पष्ट हुन्छ की निरीक्षकहरूमा विविध प्रकारका अभावहरु छन्। त्यसमा मुख्य अभाव हरेक विषयको विषयगत ज्ञान नहुनु हो भने प्रजातान्त्रिक ब्यवहार र सामुहिक चिन्तनको कमी पनि अभावकै रुपमा देखिएको प्रष्ट हुन्छ। त्यसैले विद्यालय निरीक्षकहरूको नियुक्ती गर्दा विषयगत विशेषज्ञताका आधारमा मात्र नियुक्ती गर्न सम्बन्धित निकायले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ। निरीक्षकहरूले सामुहिक निरीक्षण प्रणाली अपनाउनु पर्छ। यसबाट शिक्षक तथा प्र.अ.हरुमा सुपरिवेक्षणको जिम्मेवारी हामी सबैको हो भन्ने भावनाको विकास भई प्रजातान्त्रिक परिपाटीको विकास हुन्छ र निरंकुश एकाधिकारबादी परंपरागत शैलीको सुपरिवेक्षण प्रणलीको अन्त्य हुन्छ तसर्थ सुपरिवेक्षक/निरीक्षकहरुले प्र.अ.,शिक्षक तथा वि.ब्य.स. पदाधिकारी र अभिभावकहरुसँग बारम्बार सहकार्य गर्न जरुरी छ।

### ४.३.३ संस्थागत विद्यालयको सुपरिवेक्षणमा प्रधानाध्यापक तथा शिक्षकहरुले देखाएका समस्याहरू

अध्ययनका लागि नमुना छनोट भएका संस्थागत विद्यालयहरुमा सुपरिवेक्षण प्रकृयामा के कस्ता समस्याहरु रहेका छन् ? भन्ने जानकारी लिनका लागि सम्बन्धित शिक्षक र प्र.अ.हरुबाट लिखित तथा मौखिक प्रश्नावलीहरुको जवाफबाट प्राप्त भएको जानकारी अनुसार संस्थागत विद्यालयको सुपरिवेक्षण प्रकृयामा विविध समस्याहरु रहेका छन् । वहाँहरुका अनुसार विद्यालयमा वि.नि. स्रोतब्यक्तिहरुबाट ज्यादै कम सुपरिवेक्षण हुनु, केही मात्रामा भएको सुपरिवेक्षणमा पनि शैक्षिक क्षेत्रमा भन्दा प्रशासनिक क्षेत्रमा बढी जोड दिनु, विद्यालयसँग सम्बन्धित वि.ब्य.स. पदाधिकारी र अभिभावकहरुमा सुपरिवेक्षण सम्बन्धी चेतनाको अभाव हुनु, राजनीतिक हस्तक्षेपका कारण निष्पक्ष सुपरिवेक्षण हुन नसक्नु, लोकतन्त्रको मूल्य मान्यतालाई आत्मसात नगरिनु, दण्डहिनताको अवस्था कायम रहिरहनु, पेशाप्रति दायित्व बोध नहुनु, पेशागत तालिमको ब्यवस्था नहुनु, संस्थागत विद्यालयका शिक्षक तथा प्र.अ.हरुको तलव भत्ता कम हुनु, धेरै पढाउनु पर्ने बाध्यता हुनु, विद्यालय संस्थापक प्रति बढी निर्भर हुनु पर्ने, विद्यालयको भौतिक अवस्था शिक्षण सिकाइ अनुकुल नहुनु, संचार र समन्वयको अभाव हुनु, प्र.अ.लाई कार्य बोझ बढी हुनु, नीति नियममा अस्पष्टता हुनु, विश्वासको वातावरण कायम गर्न नसक्नु, कार्यसम्पादन पारदर्शी नहुनु, संस्थागत विद्यालयका शिक्षक र कर्मचारीहरुको भविश्य अन्योल हुनु, सुपरिवेक्षण गर्ने र नगर्नेका बीचमा केही फरक नपर्नु, सुपरिवेक्षकको प्रतिवेदन कार्यान्वन नहुनु, प्र.अ.हरुलाई नियमित रुपमा सुपरिवेक्षण गर्न समय अभाव हुनु, वि.ब्य.स. पदाधिकारीहरुको योग्यता शिक्षकहरुको भन्दा कम हूनु, आदि संस्थागत विद्यालयको शैक्षिक सुपरिवेक्षण प्रकृयाका समस्याहरु देखिएका छन् ।

### ४.३.४ संस्थागत विद्यालयको सुपरिवेक्षणमा विद्यालय निरीक्षक तथा स्रोतब्यक्तिले औंल्याएका समस्याहरू

अध्ययन क्षेत्रका स्रोतब्यक्तिका अनुसार सदन उच्च मा.बि.स्रोतकेन्द्र जिल्लाको धरान उपमहानगरपालिका क्षेत्रमा रहेको हुँदा यसमा धेरै विद्यालयहरु छन् । विद्यालय संख्या धेरै हुनु सुपरिवेक्षणमा एउटा समस्या हो । स्रोतब्यक्तिले सुपरिवेक्षणका अतिरिक्त अनौपचारिक शिक्षा, तथ्याङ्क संकलन र टेबुलेशन सम्बन्धी कार्य, तालिम संचालन सम्बन्धी कार्य गर्नु

पर्ने, राम्रो काम गर्नेभन्दा नराम्रो काम गर्ने ब्यक्तिहरु पुरस्कृत हुने, राम्रो काम गर्नेलई प्रोत्साहन गर्ने परिपाटी नहुनु, संस्थागत विद्यालयमा योजना निर्माण गरी शिक्षण सिकाइ कियाकलाप संचालन नगरिनु, संस्थागत विद्यालयमा नियमित रुपमा पठन पाठन हुन्छ ठानी अभिभावकहरुले सुपरिवेक्षणमा खासै ध्यान नदिनु, स्रोतब्यक्ति र विद्यालय निरीक्षकहरु त सामुदायिक विद्यालय निरीक्षण गर्ने ब्यक्ति मात्र हुन, हाम्रा नीजि विद्यालयहरुलाई उनीहरुको सुपरिवेक्षणको त्यती आवश्यकता छैन भन्ने जस्ता अभिब्यक्तिहरु विद्यालयका संस्थापकहरुले दिनु आदि वर्तमान अवस्थामा संस्थागत विद्यालयको शैक्षिक सुपरिवेक्षणका समस्याहरु हुन् भनी आफ्नो अभिमत जारी गर्नुभयो ।

विद्यालय निरीक्षकहरुका अनुसार वर्तमान अवस्थामा विद्यालय सुपरिवेक्षणको सबैभन्दा बाधक तत्व औपचारिकताको संस्कृति हो । विद्यालय निरीक्षण कार्य हाल औपचारिकतामा मात्र सिमित छ । विद्यालय निरीक्षक र विद्यालय अनुपात बढी छ । धेरै वर्ष पहिले सृजना भएका विद्यालय निरीक्षकहरुका पद यथावतै छन् तर विद्यालय संख्या दिन परदिन बढी रहेका छन् । सुपरिवेक्षकहरुको सुपरिवेक्षण भत्ता कम छ । सुपरिवेक्षणका आधुनिक साधनहरु (ल्यापटप, आधुनिक अवलोकन फारामहरु) उपलब्ध छैनन् । पेशागत विकासको सुनिश्चितता छैन, शिक्षकहरु सुपरिवेक्षण आत्मसाथ गर्न चाहँदैनन्, शैक्षिक क्षेत्रमा राजनीतिक हस्तक्षेप हुनु, वि.नि. शिक्षक प्र.अ. वि.बय.स.पदधिकारी र अभिभावकहरु बीच विचार आदान प्रदान नहुनु आदि कारणहरु वर्तमान अवस्थामा विद्यालयको शैक्षिक सुपरिवेक्षणका समस्याहरु हुन् ।

### ४.३.५ संस्थागत विद्यालयको सुपरिवेक्षणमा विद्यालय ब्यवस्थापन समिति पदाधिकारी, अभिभावक र शिक्षाप्रेमीहरुले औंल्याएका समस्याहरू

विद्यालय ब्यवस्थापन समिति पदाधिकारी, अभिभावक र शिक्षाप्रेमीहरुसँग छलफल र प्रश्नावलीबाट प्राप्त उत्तरहरु अनुसार वि.नि. स्रोतब्यक्तिहरुबाट संस्थागत विद्यालयमा ज्यादै कम सुपरिवेक्षण हुनु, निरीक्षण हुँदा पनि आफूहरुसँग सम्पर्क नगर्नु, सबै पक्षबाट नीति नियमको कार्यान्वयन नहुनु, संस्थागत विद्यालय र जिल्ला शिक्षा कार्यालय बीच समन्वय नहुनु, वि.ब्य.स. पदाधिकारी र अभिभावकहरुलाई सुपरिवेक्षण सम्बन्धी तालिम, गोष्ठी तथा चेतना बढाउने खालका कार्यकमहरु संचालन नगरिनु, वि.ब्य.स. पदाधिकारी र अभिभावकहरुबाट भएको कक्षा अवलोकन ,छड्के निरीक्षण तथा शिक्षण सिकाइ

क्रियाकलापसँग सम्बन्धित अन्य गतिबिधिहरुको सुपरिवेक्षण शिक्षकहरुबाट आत्मसाथ नगरिनु वर्तमान अवस्थामा संस्थागत विद्यालयको शैक्षिक सुपरिवेक्षणका समस्याहरु हुन

सारांशमा भन्नु पर्दा संस्थागत विद्यालयको शैक्षिक सुपरिवेक्षण कम हुनुमा सुपरिवेक्षकहरु औपचारिकतामा मात्र सीमित रहनु, राजनीतिक हस्तक्षेप हुनु, नीति नियमको पालना नगर्नु कार्यब्यस्तता, संस्थागत र सामुदायिक विद्यालयको सुपरिवेक्षण एउटै प्रणलीबाट हुनु, प्र.अ.,शिक्षक तथा कर्मचारीहरुको पेशागत स्थयित्व नहुनु , संस्थागत विद्यालयको ब्यवस्थापनमा को बढी जिम्मेवार हुने भन्ने स्पष्ट नहुनु आदि मुख्य समस्याहरु रहेको पाइयो ।

## ४.४ संस्थागत विद्यालय सुपरिवेक्षणमा आइपर्ने समस्यालाई समाधान गर्ने उपायहरू

संस्थागत विद्यालयको शैक्षिक सुपरिवेक्षण प्रकृयामा विविध समस्याहरू छन् । यो अध्ययन अनुसन्धानका क्रममा सुपरिवेक्षणमा देखिएका समस्याहरुलाई समाधान गर्ने उपायहरु निम्नानुसार बुँदागत रुपमा खोजी गरिएको छ ।

### ४.४.१ समस्या समाधानको मुख्य उपाय

संस्थागत विद्यालयको शैक्षिक सुपरिवेक्षण समस्यामुक्त छैन । उक्त समस्याहरूलाई समाधान गर्ने मुख्य उपायहरु के होलान् ? भन्ने सवालमा जानकारी हासिल गर्न अध्ययन क्षेत्रका नमूना विद्यालयहरूसँग सम्बन्धित प्र.अ., शिक्षक, वि.व्य.स. पदाधिकारी र शिक्षाप्रेमीहरूसँग मौखिक छलफल र प्रश्नावली मार्फत प्रश्न गर्दा उहाँहरूवाट प्राप्त जवाफहरूलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ९

सुपरिवेक्षणमा आइपर्ने समस्यालाई समाधान गर्ने उपायहरू

| प्रतिउत्तरहरू | प्र.अ.तथा शिक्षक सङ्ख्या | वि.व्य.स.पदाधिकारी /अभिभावक सङ्ख्या | वि.नि.तथा स्रोत व्यक्ति सङ्ख्या | कूल जम्मा |
|---|---|---|---|---|
| कडा नीति नियम बनाई लागू गर्ने | ३ | २ | - | ५ |
| राजनीतिक हस्तक्षेप अन्य गर्ने | ४ | १ | - | ५ |
| पुरस्कार र दण्डको व्यवस्था गर्ने | १ | २ | २ | ५ |
| शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउने | १ | - | - | १ |
| अन्य भए ……… | १ | - | - | १ |
| जम्मा | १० | ५ | २ | १७ |

स्रोतः स्थलगत अध्ययन, २०७२

उपर्युक्त तालिकाको अध्ययन गर्दा जम्मा १० जना प्र.अ. तथा शिक्षकहरूमध्ये ३ जना अर्थात ३० प्रतिसत ले संस्थागत विद्यालय सुपरिवेक्षणमा आइपर्ने समस्यालाई समाधान गर्ने मुख्य उपायमा कडा नीति नियम बनाई लागू गर्नुपर्ने, ४ जना अर्थात ४० प्रतिसत ले राजनीतिक हस्तक्षेपको अन्त्य गर्नुपर्ने, १ जना अर्थात १०% ले पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्ने, १ जना अर्थात प्रतिसत १० प्रतिसत ले शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउनु पर्ने र १ जना अर्थात १० प्रतिसत ले अन्यको महलमा औपचारिकतामा मात्र सिमित नभई आफ्नो कार्यप्रति जिम्मेवार हुने भन्ने धारणा राख्नु भएको छ। यसरी नै दुई जना विद्यालय निरीक्षक र स्रोतब्यक्तिहरुले पुरस्कार र दण्डको व्यवस्था गरेर समस्यालाई समाधान गर्न सकिने अभिमत ब्यक्त गर्नु भएको छ।

त्यसैगरी जम्मा ५ जना वि.व्य.स. पदाधिकारी र अभिभावकहरूमध्ये २ जना अर्थात ४० प्रतिसत ले कडा नीति नियम बनाई लागू गर्नु पर्ने, १ जना अर्थात  २० प्रतिसत ले

राजनीतिक हस्तक्षेपको अन्त्य हुनुपर्ने, २ जना अर्थात  ४० प्रतिशतले पुरस्कार र दण्डको व्यवस्था गर्नु पर्ने राय ब्यक्त गर्नु भएको छ ।

निष्कर्षमा भन्नु पर्दा जम्मा १७ जना उपर्युक्त ब्यक्तिहरुमध्ये ५ जनाले कडा नीति नियम बनाई लागू गरेर समस्यालाई समाधान गर्नुपर्ने मत राख्नुलाई सान्दर्भिक मान्न सकिन्छ किन भने नेपालमा नीति नियमहरू फितलो प्रकृतिका छन् र भएका नीति नियमहरूको कार्यान्वयन अवस्था पनि एकदम कमजोर छ । सुपरिवेक्षणका लागि विद्यालयमा गए पनि हुन्छ, नगए पनि हुन्छ भन्ने धारणा वि.नि. स्रोतब्यक्तिमा रहेको कुरा विद्यालय निरीक्षण पुस्तिकाबाट स्पष्ट हुन्छ । त्यसकारण भएका नीति नियमहरू  कढाइका साथ कार्यान्वयन भएमा सुपरिवेक्षणमा आउने समस्याहरु समाधान हुन सक्छन् । माथिको तालिका अनुसार ५ जनाले राजनीतिक हस्तक्षेप अन्त्य भएमा संस्थागत विद्यालय सुपरिवेक्षणमा आइपर्ने समस्याहरू समाधान हुन्छ भनी राखेको धारणा उपयुक्त  मान्न सकिन्छ किन की हाल नेपालमा सङ्क्रमणकालीन राजनीतिक अवस्थमा छ । राजनीतिक दलहरूले  हरेक क्षेत्रमा आफ्नो प्रभाव जमाउन खोजिरहेका छन् । विद्यालय सुपरिवेक्षकहरु राजनीतिक दलहरूको प्रभावमा परिरहेको कारणले संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षण प्रभावकारी हुन सकेको छैन । ५ जनाको संस्थागत विद्यालयको सुपरिवेक्षणमा आउने समस्या समाधान गर्न पुरस्कार र दण्डको व्यवस्था हुनुपर्ने धारणालाई समेत नकार्न सकिंदैन । पुरस्कार र दण्डले व्यक्तिलाई कामप्रति उत्प्रेरित गर्दछ । पुरस्कार र दण्डको सही प्रयोगले विद्यालयको सुपरिवेक्षणमा सुधार ल्याउँछ र समस्या समाधान हुन्छ । १ जनाले सुपरिवेक्षणमा देखिएका समस्यालाई समाधान गर्न शान्ति कायम हुनुपर्छ भन्ने मत ब्यक्त गर्नु भएको छ । यसलाई उचित नै मान्नुपर्छ । किनभने वर्तमान अवस्थामा नेपाल द्वन्द्वग्रस्त छ । शिक्षक तथा कर्मचारीहरुले सुरक्षित वातावरणमा स्वतन्त्र रुपमा काम गर्न पाएका छैनन् । शान्ति प्रकृयालाई निष्कर्षमा पुऱ्याउन जरुरी छ । तव मात्र सुपरिवेक्षण प्रभावकारी हुन्छ ।

### ४.४.२ संस्थागत विद्यालयको सुपरिवेक्षणमा सरोकारवालाहरुले दिएका सुझावहरु

अनुसन्धानका कममा नमुना छनौट गरिएका विद्यालयका प्र.अ. शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारी अभिभावक र वि.नि.तथा स्रोतब्यक्तिसँग भएको छलफल र खुला प्रश्नावलीका उत्तरबाट प्राप्त भएको संस्थागत विद्यालयको शैक्षिक सपरिवेक्षणमा देखिएका समस्याहरुलाई समाधन गर्ने उपाय सम्बन्धमा दिइएका सुझावहरु यसप्रकार छन् :

विद्यालय निरिक्षक तथा स्रोतब्यक्तिको धारणा अनुसार प्र.अ, शिक्षक, वि.ब्य.स.र अभिभावकहरु बीच एक आपसमा विचारको आदान प्रदान गरी अभिभावकहरुलाई सुपरिवेक्षण सम्बन्धमा चेतना दिलाएर विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा उनीहरुलाई सक्रिय बनाउनु पर्छ। राजनीतिक कार्यकर्ताहरुसँग सहकार्य गरी शिक्षा क्षेत्रमा हुने राजनीतिकरणमा सुभार ल्याउनु पर्छ। वि.नि, स्रोतब्यक्तिलाई पर्याप्त साधन र स्रोत उपलब्ध गराई, कार्यसम्पादनका आधारमा उचित रुपमा पुरस्कार र दण्डको ब्यवस्था गनिनु पर्छ। प्र.अ.हरुलाई सुपरिवेक्षण कार्यमा अझ बढी अधिकार प्रदान गरी शिक्षकहरुको कक्षा शिक्षणको अवलोकन कार्यमा सक्रिय बनाउनु पर्छ। अभिभावक वि.ब्य.स. र शिक्षापेमीहरुको सुपरिवेक्षण टोली निर्माण गरी सामाजिक सुपरिवेक्षणको अवधारणा ऐन नियमबाट नै स्पष्ट गरिनु पर्छ। उक्त सामाजिक सुपरिवेक्षण टोलीलाई अधिकार सम्पन्न बनाई संस्थागत विद्यालयको शैक्षिक सुपरिवेक्षणमा सुधार ल्याउन सकिने राय प्राप्त भयो।

प्रधानाध्यापहरुको धारणा अनुसार विद्यालय संख्याको आनुपातमा वि.नि. स्रोतब्यक्तिको दरबन्दी ब्यवस्था, सुपरिवेक्षण सम्बन्धी नीति नियमलाई स्पष्ट पारी कार्यान्वयन पक्षमा जोड, प्र.अ.हरुलाई सुपरिवेक्षण सम्बन्धी तालिमको ब्यवस्था, सुपरिवेक्षण भत्ताको ब्यवस्था, राजनीतिक प्रभावमा नपरी स्वतन्त्र रुपमा काम गर्ने वातावरणको सृजना, कार्यसम्पादनको आधारमा पुरस्कार र दण्डको ब्यवस्था, प्र.अ.को अनावश्यक कार्यबोझमा सुधार, समय सापेक्ष ऐन नियममा परिवर्तन गरी शिक्षक तथा कर्मचारीहरुको पेशागत स्थायित्व कायम गरेर संस्थागत विद्यालयको शैक्षिक सुपरिवेक्षणमा आउने समस्यालाई समाधान गर्न सकिन्छ। त्यसै गरी शिक्षकहरुको धारणा अनुसार वि.ब्य.स.मा सक्षम ब्यक्तिहरु मात्र प्रवेश गर्ने कानूनी ब्यवस्था गरी सरोकारवाला ब्यक्तिहरु बीच सुपरिवेक्षण कार्यमा आपसी छलफल र अन्तर्क्रिया हुनु जरुरी छ। विद्यालय संस्थपक तथा प्र.अ. हरुको कार्यसम्पदनमा पारदर्शिता, संस्थागत विद्यालयका शिक्षक तथा कर्मचारीहरुको पेशागत स्थायित्वको ग्यारेण्टी र उनीहरुको वृत्ति विकासको अवसरमा सुनिश्चितता गरी सुपरिवेक्षणमा देखा परेका समस्याहरु समाधान गर्न सकिन्छ।

विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा अभिभावकहरुका धारणा अनुसार प्र.अ. तथा शिक्षकहरु विद्यालयमा नियमित उपस्थित भई आफ्नो जिम्मेवारी पुरा गर्नु पर्छ। वि.नि.तथा स्रोतब्यक्तिहरुलाई विद्यालय सुपरिवेक्षणमा अझ बढी सक्रिय बनाउनुका साथै अभिभावकहरुकलाई विद्यालयप्रति आकर्षक हुने खालका कार्यक्रमहरु आयोजना गरी विद्यालयमा उनीहरुको सक्रियता बढाउनु पर्छ। अभिभावकहरुले दिएको सल्लाह र सुझावलाई प्र.अ.तथा शिक्षकहरुले स्वीकार गरी वालवालिकाहरुको प्रगती विवरण उनीहरुलाई जानकारी गराउनु पर्छ। विद्यालय सुपरिवेक्षण सम्बन्धमा अभिभावकहरुलाई चेतनामुलक कार्यक्रम संचालन गरी विद्यालयको शैक्षिक वातावरण शिक्षण सिकाइ अनुकुल बनाउनु पर्छ। सुपरिवेक्षकलाई सबैले सहयोग गरी स्वतन्त्र, निष्पक्ष रुपमा सुपरिवेक्षण गर्ने वातावरणको सुनिश्चितता गनिनु पर्दछ तव मात्र यसमा देखिएका समस्याहरु क्रमश समाधान हुँदै जाने कुरा स्थलगत अध्ययनको क्रममा प्राप्त भयो।

सारांशमा भन्नु पर्दा संस्थागत विद्यालयको शैक्षिक सुपरिवेक्षणमा देखिएका समस्याहरुको समाधानका लागि  कार्यसम्पादनको सही रुपमा मूल्याङ्कन गरी पुरस्कार र दण्डको व्यवस्था गरिनु पर्ने, कडा नीति नियम बनाई लागु गर्नु पर्ने, शिक्षामा, राजनीतिक हस्तक्षेपको अन्त्य गरिनु पर्ने, स्थानीय निकायलाई जिम्मेवार बनाइनु पर्ने, प्र.अ.लाई पहिलो सुपरिवेक्षकको रुपमा साधन र स्रोत सहित जिम्मेवारी दिइनु पर्ने, वि.ब्य.स., अभिभावक र शिक्षाप्रेमीहरुलाई सुपरिवेक्षण सम्बन्धी तालिम दिइनु पर्ने, संस्थागत र सामुदायिक विद्यालयको सुपरिवेक्षण अलग निकायबाट हुनु पर्ने जस्ता सुझावहरु प्राप्त भएका छन्।

# परिच्छेद : पाँच

# निष्कर्ष र सुझावहरु

यो अध्ययन अनुसन्धानका कममा प्राप्त तथ्याङ्क र जानकारीहरुको ब्याख्या र विश्लेषणबाट प्राप्त निष्कर्ष र सुझावहरु निम्नानुसार दिइएको छ ।

## ५.१ निष्कर्ष

यो अध्ययन समाप्त भएपछि जे जे कुराहरू प्राप्त भए तिनै प्राप्तिका आधारमा निष्कर्षहरू निकालिएका छन । पूर्व स्थापित सिद्धान्तहरू र पूर्व अनुसन्धान तथा साहित्यहरूसँग तुलना गर्दै संस्थागत विद्यालयमा शैक्षिक सुपरिवेक्षणले पाठ्यक्रम कार्यान्वयनमा पारेका प्रभावहरु अध्ययन गरी निष्कर्षहरू निकालिएका छन् ।

शिक्षाका लक्ष्य तथा उद्देश्यहरू पुरा गर्न विद्यालयमा सुपरिवेक्षण प्रणालीलाई गतिशील बनाउनु पर्छ । शैक्षिक सुपरिवेक्षणको जिम्मा लिएका वि.नि.,स्रोतब्यक्तिहरु तथा सरोकारवालाहरू सबैबाट सस्थागत विद्यालयहरूको नियमित रूपमा सुपरिवेक्षण हुन जरुरी छ । तर यो अध्ययन पछि संस्थागत विद्यालयको सुपरिवेक्षण कार्यमा न्यूनता रहेको निष्कर्ष निकाल्न सकिन्छ । वि.नि, स्रोतब्यक्तिबाट चार शैक्षिक सत्रमा एक पटक मात्र सुपरिवेक्षण हुँदा समेत सम्बन्धित निकायको यस सम्बन्धमा ध्यान पुग्न सकेको देखिदैन । यसमा वि.नि तथा स्रोतब्यक्तिको कार्यको अनुगमन तथा निरीक्षण गर्ने निकायले विशेष ध्यान दिनु पर्छ ।

अध्ययनको क्रममा नमुना छनौटमा परेका सुनसरी जिल्लाका धरान उपमहानगरपालिकाका संस्थागत बिद्यालयमा बिद्यालयको सुपरिबेक्षण नियमित नभएको, सुपरिवेक्षण कागजमा मात्र सीमित भएको, सुपरिबेक्षण पछि पर्याप्त मात्रामा सुझावहरु दिने नगरिएको कारण सो को प्रभाव बिभिन्न बिषयको पाठ्यक्रम कार्यान्वयनमा परेको पाईएको छ ।

विद्यालय निरीक्षक तथा स्रोतब्यक्तिलाई पर्याप्त मात्रामा स्रोत तथा सन्दर्भ सामग्रीहरु प्राप्त नहुनु, उनीहरुबाट सम्पादित कार्यको सही मूल्याङ्कन गरी पुरस्कार र दण्डको ब्यवस्था नहुनु, वि.नि.र स्रोतब्यक्तिलाई सहयोगी कर्मचारीहरुको ब्यवस्था नहुनु ,विद्यालय संख्याका आधारमा वि.नि., स्रोतब्यक्तिहरुको संख्या कम हुनु जस्ता कारणले संस्थागत विद्यालयको सुपरिवेक्षण कार्य औपचारिकतामा मात्र सिमित हुन पुगेको देखिन्छ । समय समयमा

शिक्षकहरुको बैठक राखी शिक्षण सिकाइ क्रियाकलपमा देखा पर्ने समस्या समाधानका बारेमा छलफल गर्ने र नमुना शिक्षण गर्न लगाउने जस्ता कार्यहरु आवश्यक मात्रामा हुन नसकेको अवस्था छ ।

शैक्षिक सुपरिवेक्षणका क्रममा वि.नि., स्रोतव्यक्तिहरुबाट शिक्षकको कक्षा शिक्षणको अवलोकन गरी देखिएका कमी कमजोरी हटाउन शिक्षकसँग छलफल गरी सुझावहरु दिनु पर्ने हुन्छ । सुपरिवेक्षणको क्रममा वि.नि., स्रोतव्यक्तिबाट कक्षा अवलोकन नगरिएको अवस्था छ । वि.नि., स्रोतव्यक्तिहरुको कार्यसम्पादन मूल्यांकन सही रुपमा भएको छैन जसको परिणाम स्वरुप नियमित रुपमा काम गर्ने सुपरिवेक्षकहरुमा समेत कार्य शिथिलता आएको छ । संस्थागत विद्यालयका शिक्षकहरुले वि.नि., स्रोतव्यक्तिको सुपरिवेक्षणलाई आत्मसाथ गर्न नसकेको अवस्था छ भने वि.नि., स्रोतव्यक्तिहरुले पनि संस्थागत विद्यालयलाई सुपरिवेक्षणको मुलधारमा समाहित गर्न सकेका छैनन् ।

विद्यालयका प्र.अ.हरु शैक्षिक कार्यमा भन्दा प्रशासनिक कार्यमा बढी ब्यस्त छन् उनीहरुलाई सुपरिवेक्षण सम्बन्धी तालिम स्रोत साधनको अभाव छ । संस्थागत विद्यालयका प्र.अ.,शिक्षक तथा कर्मचारीहरुको पेशामा स्थायीत्व नभएका कारण सुपरिवेक्षण कार्यमा शिथिलता आएको छ । त्यसै गरी अधिकांश अभिभावकहरुबाट संस्थागत विद्यालयको सुपरिवेक्षणमा वास्ता नगरेको अवस्था छ । कतिपय अभिभावकहरु सुपरिवेक्षण कार्यका बारेमा अनविज्ञ छन् भने अधिकांश अभिभावकहरु संस्थागत विद्यालय प्रति बढी विश्वस्त छन् । समग्रमा भन्ने हो भने संस्थागत विद्यालयको शैक्षिक सुपरिवेक्षण केवल औपचारिकतामा मात्र सिमित छ । जसको परिणाम स्वरुप शिक्षाको गुणस्तरमा दिन परदिन ह्रास आइरहेको निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.२ सुझावहरू

यो अध्ययनको क्रममा प्राप्त भएका सूचना एवं तथ्याङ्कहरुलाई विश्लेषण गरी निकालिएको निष्कर्षका आधारमा केही सुझावहरू यहाँ प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तह

विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले मा.वि.तहका शिक्षकको योग्यता स्नातकोत्तर तह हुनु पर्ने ब्यवस्था गरेको छ । विद्यालय निरीक्षकको न्यूनतम योग्यता स्नातक तह मात्र हुँदा सुपरिवेक्षण कार्य प्रभावकारी नहुने भएकाले वि.नि.को न्यूनतम शैक्षिक योग्यता

एम.एड.बनाउनु पर्छ । विषयगत विशेषज्ञताका आधारमा मात्र वि.नि.को नियुक्ति गर्ने व्यवस्था हुनु पर्छ । विद्यालय व्यवस्थापन समिति, अभिभावक तथा शिक्षाप्रेमीहरुको सुपरिवेक्षण टोली निर्माण गर्ने नियम बनाई उक्त टोलीलाई सक्षम, सवल र निष्पक्ष सुपरिवेक्षण गर्न विशेष अधिकारको व्यवस्था गर्नु पर्छ । हाल कार्यरत स्रोतब्यक्तिहरु प्रा.वि.,नि.मा.वि. र मा.वि. तीनै तहका छन् । आगामी दिनमा एम.एड शैक्षिक योग्यता भएका अनुभवी मा.वि. शिक्षकहरुबाट मात्र निष्पक्ष रुपमा स्रोतब्यक्ति नियुक्ति गर्ने ब्यवस्था मिलाउनु पर्छ । दण्डहिनताको कारणले सुपरिवेक्षण प्रभावकारी हुन नसकिरहेको वर्तमान अवस्थामा सुधार ल्याउनका लागि सुपरिवेक्षकहरुको कार्यसम्पादनको सही मूल्याङ्कन गरी कानूनी रुपबाटै पुरस्कार र दण्डको ब्यवस्था गर्नु पर्छ । वि.नि., स्रोतब्यक्ति र प्रधानाध्यपकहरुलाई सुपरिवेक्षण सम्बन्धी तालिम प्रदान गरी पर्याप्त मात्रामा साधन र स्रोत उपलब्ध गराउनु पर्छ । विद्यालय निरीक्षकलाई एकजना सहयोगी कर्मचारी उपलब्ध गराउनु पर्छ । संस्थागत विद्यालयका प्र.अ. शिक्षक कर्मचारीहरुको पेशागत स्थायित्वका लागि कानूनी ब्यवस्था मिलाउनु पर्छ । वि.ब्य.स.बाट भएको सुपरिवेक्षणलाई शिक्षकले आत्मसाथ गर्न नसकिरहेको वर्तमान अवस्थामा सुधार ल्याउन शिक्षा नियमावलीमा भएको विद्यालय ब्यवस्थापन समितिका अध्यक्षको योग्यता सम्बन्धी नियम परिवर्तन गरी प्रा.वि.,नि.मा.वि. र मा.वि.को ब्यवस्थापन समिति अध्यक्षका लागि उम्मेदवार हुन क्रमशः एस.एल.सी.,प्रमाण पत्र तह र स्नातक तह बनाउनु पर्छ । हाल कार्यरत सुपरिवेक्षकहरु स्नातक तह पुरा गरी सिधै सेवामा प्रवेश गरेका ब्यक्तिहरु मात्र छन् । शिक्षण अनुभव नभएका कोरा ब्यक्तिबाट सुपरिवेक्षण प्रभावकरी हुन नसक्ने हुँदा आगामी दिनमा शिक्षण अनुभव भएका ब्यक्तिहरुबाट मात्र सुपरिवेक्षक नियुक्ति गर्ने ब्यवस्था हुनु पर्छ । सुपरिवेक्षकको वृत्ति विकासलाई विशेष प्राथमिकताका साथ नियमावलीमा ब्यवस्था गर्नु पर्छ । वर्तमान सुपरिवेक्षण प्रणालीमा निर्धारण गरिएको सुपरिवेक्षक र विद्यालय अनुपातमा पुनरावलोकन गरिनु पर्छ । सुपरिवेक्षकलाई फिल्ड स्तरको कर्मचारीको रुपमा जिम्मेवारी दिनु पर्छ । हाल सामुदायिक र संस्थागत विद्यालयको सुपरिवेक्षण प्रक्रिया एउटै प्रणाली अन्तर्गत चलिरहेको छ यसलाई पुनरावलोकन गरी संस्थाक्गत विद्यालयहरुको सुपरिवेक्षणका लागि छुट्टै संयन्त्रको विकाश गरिनु पर्छ ।

### ५.२.२ कार्यान्वयन तह

विद्यालय निरीक्षक तथा स्रोतब्यक्तिहरुले नियमित रुपमा विद्यालयहरुको सुपरिवेक्षण गरे नगरेको सम्बन्धमा जिल्ला शिक्षा अधिकारीले अनुगमन, निरीक्षण गरी अनियमित गर्ने सुपरिवेक्षकहरुलाई कारवाही गर्नु पर्छ । स्थानीय स्तरमा वि.नि., स्रोतब्यक्ति, विद्यालयका प्रधानाध्यापक, वि.ब्य.स. पदाधिकारीहरु, शिक्षाप्रेमी र अभिभावकहरु सम्मिलित एउटा सुपरिवेक्षण टोली गठन गरी उक्त टोलीबाट सुपरिवेक्षणको योजना बनाउनु पर्छ र योजना बमोजिम आलोपालो गरी सुपरिवेक्षण गरिनु पर्छ । एउटा स्रोतकेन्द्र भित्रका अनुभवी मा.वि.शिक्षकहरुलाई कक्षा अवलोकन सम्बन्धी तालिम प्रदान गरी सामुहिक रुपमा सबै विषय शिक्षकहरुको कक्षा अवलोकन गर्ने ब्यवस्था गर्नु पर्छ । यसबाट वि.नि.स्रोतब्यक्तिहरुको कक्षा अवलोकनको आत्मसाथ गर्न नसक्ने शिक्षकहरुको समस्या समाधान हुन्छ । विद्यालयमा राजनीतिक हस्तक्षेपको अन्त्य गर्न वि.ब्य.स.को गठन गर्दा सबै दलहरुलाई समावेश गर्नु पर्छ । सबैको सहभागिताबाट स्वभावैले द्वन्द्व  कम हुन्छ । कुनै स्रोत केन्द्रमा तिब्र रुपमा हुने विद्यालयको वृद्धिबाट उत्पन्न हुने समस्याहरु समाधानका लागि स्रोतकेन्द्रहरुको समय समयमा पुनर्संरचना गरिनु पर्छ । प्र.अ. लाई कक्षा संचालन तथा प्रशासनिक कार्य बोझबाट मुक्त गरी सुपरिवेक्षणमा जिम्मेवार बनाउनु पर्छ जसका लागि संस्थागत विद्यालयका संस्थापक तथा वि.ब्य.स.ले प्र.अ.लाई आवश्यक मात्रामा आर्थिक तथा भौतिक स्रोत साधनहरुको ब्यवस्थापन गरि दिनु पर्छ । वि.ब्य.स.तथा प्र.अ.ले विद्यालयमा पटक्कै उपस्थित नहुने अभिभावकहरुलाई क्रियाशिल बनाउन विशेष कार्यक्रमहरु तय गर्नु पर्छ । संस्थागत विद्यालयका संचालकहरुले गुठी बिधान, कम्पनी ऐन र नियमावली, शिक्षा ऐन र नियमावलीको अक्षरस पालना गरी उक्त ऐन तथा नियमावलीहरुले ब्यवस्था गरे बमोजिम शिक्षक तथा कर्मचारीहरुको पेशागत सुरक्षा गर्नु पर्छ । विद्यालय सुपरिवेक्षणलाई विद्यालयको अभिन्न अंगका रुपमा विकास गरिनु पर्छ । विद्यालयको हकमा सुपरिवेक्षण गर्ने पहिलो ब्यक्ति र  मुख्य दायित्व प्र.अ.को भएको हुँदा प्र.अ.ले प्रत्येक शिक्षकको नियमित कक्षा अवलोकन गरी सो को अभिलेख राख्नु पर्छ । सुपरिवेक्षकबाट समय समयमा भएका सुपरिवेक्षणका प्रतिवेदनलाई वि.ब्य.स.,अभिभावक शिक्षकहरु समेत राखेर देखिएका कुरामा छलफल चलाउँदा यो अझ प्रभावकारी हन्छ ।

### ५.२.३ अनुसन्धान तह

संस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयन, पठन पाठन, परीक्षा प्रणाली, मूल्याङ्न, कक्षा व्यवस्थापन, आर्थिक व्यवस्थापन लगायत अन्य पक्षहरुमा व्यापक सुपरिवेक्षण गरी आवश्यक सुधारको खाँचो महशुस भै रहेको अवस्था छ । त्यसैले भविश्यमा यस्ता विषयमा खोज, अनुसन्धान गरिनु पर्छ । शिक्षाको गुणस्तरसँग गाँसेर शिक्षक तालिमलाई श्लोगनको रुपमा उठान गरिएको वर्तमान अवस्थामा सामुदायिक विद्यालयका शिक्षकहरुलाई तालिम दिन सरकारले व्यापक रुपमा खर्च गरिरहेको छ । सामुदायिक विद्यालयका प्राय सबै शिक्षकहरु तालिम प्राप्त पनि छन् । संस्थागत विद्यालयमा तालिम प्राप्त शिक्षकहरु ज्यादै कम देखिन्छन् तर पनि संस्थागत विद्यालयकै परीक्षा परिणाम राम्रो देखिन्छ र आम अभिभावकहरुको मन जित्न समेत सफल भएको छ । यस्तो किन र कसरी भयो यस विषयमा थप अनुसन्धान गरिनु पर्छ । संस्थागत विद्यालयहरु तोकिएको मापदण्ड अनुसार नै संचालन भएका एवं कानूनी प्रावधानहरु पनि सामुदायिक विद्यालय सरह पुरा गर्नु पर्ने अवस्थामा सुपरिवेक्षण चाहीँ किन भिन्न प्रकृतिको छ ? यस विषयमा भविशयमा अझ बढी अनुसन्धान गरिनु पर्छ । संस्थागत विद्यालयहरु मुनाफाको उद्देश्यले प्रेरित भई नीजि रुपमा संचालन भएका हुँदा यस्ता विद्यालयहरुको व्यवस्थापनमा सरकारी पक्षबाट खासै ध्यान दिएको देखिएन । विद्यालयको व्यवस्थापन समितिमा पनि संस्थापकहरुकै बाहुल्यता देखिन्छ । सामुदायिक विद्यालयको व्यवस्थापन स्थानीय निकायलाई प्रदान गरी विद्यालयलाई व्यवस्थापकीय रुपले सक्षम बनाउने लक्ष्य राखिएको वर्तमान अवस्थामा संस्थागत विद्यालयको व्यवस्थापनमा को बढी जिम्मेवार हुने भन्ने विषयमा स्पष्ट छैन तसर्थ यस विषयमा अझ अनुसन्धान गरिनु पर्छ ।

## सन्दर्भ सामग्रीहरू


अधिकारी, विष्णुप्रसाद (२०६२), **शिक्षा सेवा प्रा.स. दर्पन,** काठमाडौ : मकालु बुक्स एण्ड स्टेशनरी ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५), **उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन**, केशरमहल, काठमाण्डौ ।

खनाल, तुलसीराम (२०६३), **प्रारम्भिक वालविकास पाठ्यक्रम कार्यान्वयन एक अध्ययन**, अप्रकासित शोधपत्र, कीर्तिपुर, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, त्रि.वि. ।

खनाल, पेशल (२०६६), **शैक्षिक अनुसन्धान पद्दति**, कीर्तिपुर : सनलाइट पब्लिकेशन ।

गन्तव्य (२०५५), **अनुसन्धानात्मक पत्रिका**, शिक्षा आयोग प्रतिवेदन विशेषाङ्क, वर्ष ३, अङ्क १ नेपाल प्रगतिशिल प्राध्यापक संगठन केन्द्रीय समिति बल्खु, काठमाडौं ।

गौतम, चक्रपाणि (२०६४), **प्रारम्भिक बालविकास पाठ्क्रम कार्यान्वयन स्थिति**, स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, त्रि.वि. ।

जोशी, राधाकृष्ण (२०५४), **प्रारम्भिक बालशिक्षा**, काठमाडौँ : युनियन प्रेस प्रा.लि. ।

पोखरेल, मोहनमणि (२०६५), **आधारभूत पूर्व वाल्यावस्थाको विकास,** काठमाडौँ : वृहस्पति पुस्तक प्रकाशन ।

बन्जारा, सुष्मा (२०६६), **सामुदायिक र संस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक तहको पाठ्यक्रमको कार्यान्वयन अवस्था**, कीर्तिपुर, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, त्रि.वि. ।

मल्ल, कोमलवदन र साथीहरू (२०५४), **प्रारम्भिक वाल्यावस्था विकासको सिद्धान्त**, कीर्तिपुर : डीनको कार्यालय, शिक्षाशास्त्र संकाय त्रि.वि. ।

महतरा, टेकेन्द्र (२०६५), **पूर्व बाल्यावस्था विकास पाठ्यक्रम कार्यान्वयनमा सहयोगी कार्यकर्ताको ज्ञान सीपको अवस्था**, शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

शर्मा एन्ड शर्मा (२०६१), **कक्षाकोठामा मनोविज्ञान**, काठमाडौँ : एम.के पब्लिसर्स एन्ड डिष्ट्रिब्युटर्स ।

शिक्षा विभाग (२०५५), **जेष्ठ जनआवाज : प्रारम्भिक बालविकास कार्याशाला गोष्ठीको प्रतिवेदन**, सानोठिमी भक्तपुर : शिक्षा विभाग ।

शिक्षा विभाग बालविकास शाखा (२०५८), **प्रारम्भिक बालविकास पाठ्यक्रम**, सानोठिमी भक्तपुर ।

शिक्षा विभाग (२०६३), **सबैका लागि शिक्षा** (२००४-२००९), मुख्य दस्तावेज, सानोठिमी, भक्तपुर ।

शिक्षा विभाग (२०६२), **प्रारम्भिक बालविकास दिग्दर्शन** (पाठ्क्रम), सानोठीमी, भक्तपुर : प्रारम्भिक बालविकास शाखा ।

शिक्षा विभाग (२०६१), **नेपालमा प्रारम्भिक बालविकास सम्बन्धि रणनीती पत्र**, नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय ।

श्रेष्ठ, प्रकाशमान (२०६४), **नेपालमा पाठ्यक्रम निर्माण तथा कार्यान्वयन**, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

सापकोटा, रमाकान्त (२०६२), **प्रारम्भिक बालशिक्षा सिद्धान्त र प्रयोग एक विश्लेषणात्मक अध्ययन**, स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग ।

सेरिड (२००१), **आधारभूत पूर्व प्राथमिक शिक्षक तालिम प्याकेज,** काठमाडौं, सेरिड ।

सेरिड (२०५०), **समुदायमूलक पूर्व प्राथमिक शिक्षा कार्यक्रम,** काठमाडौं, सेरिड ।

CERID (२०५५), **विकासको निम्ति शिक्षा**, त्रि.वि. काठमाडौँ, सेरिड ।

CERID (२०५६), **विकासको निम्ति शिक्षा**, त्रि.वि. काठमाडौँ, सेरिड ।

CERID (२००७), **विकासको निम्ति शिक्षा**, त्रि.वि. काठमाडौँ, सेरिड ।

CERID (2004), **Formative Research project Report-28**, Kathmandu.

DOE (2063), **School Level Educational statistics of Nepal at a Glance,** Kathmandu.

DOE (2064), **Flash-1 Report**, Kathmandu.

UNESCO (2004), **Strategy paper for Education in Nepal**, Kathmandu office.

## अनुसूची १

## संस्थागत बिद्यालयको शैक्षिक सुपरिबेक्षणले पाठ्यक्रम कार्यान्वयनमा पारेको प्रभाव

अभिभावकका लागि अन्तर्वार्ता निर्देशिका

बिद्यालयको नाम : ठेगाना :
अभिभावकको नाम : ठेगाना :

१) बिद्यालयको अवस्था कस्तो छ ?
२) बिद्यालयमा कति पटक जानुहुन्छ ? र त्यहाँ गएपछि तपाई के गर्नु हुन्छ ?

३) बिद्यालयको निरीक्षण तथा अनुगमन गर्न महिनामा कति पटक जानुहुन्छ ?
   क) महिनामा ....... पटक   ख) कहिलेकाही   ग) जान्न

४) बिद्यालय को नियमित रुपले निरीक्षण तथा अनुगमन भयो भने कत्तिको प्रभाव पर्छ होला ?
५) बिद्यालयको निरीक्षण तथा अनुगमन सबैभन्दा बढी कसले गर्नु पर्छ ? र किन ?
६) बिद्यालयमा अभिभावकहरुले निरीक्षण गर्दा कस्तो प्रभाव परेको छ ?

७)बिद्यालय लाई कुशलतापूर्वक सञ्चालन गर्न कसले कस्तो भूमिका खेल्नु पर्छ ?
८) बिद्यालयमा अनुगमन गर्न को को आउछन् ?
   क) अभिभावक   ख) बि.नि ग) जि.शि.का. घ) स्रोत व्यक्ति

९) शैक्षिक सुपरिबेक्षणका समस्याहरु के के देख्नुहुन्छ ?

१०) शैक्षिक सुपरिबेक्षणले पाठ्यक्रमको कार्यान्वयनमा प्रभाव पार्दछ ?

१२) तपाईको बिद्यालयमा के कस्ता समस्याहरु छन् ? र ती समस्यालाई कसरी समाधान गर्न सकिन्छ ?
१३) बिद्यालयको नियमित निरीक्षण तथा अनुगमन क-कसले गर्नु पर्छ ?

१४) बिद्यालयको निरीक्षण तथा अनुगमनलाई प्रभावकारी बनाउन केन्द्रीय, जिल्ला र स्थानीय स्तरमा कस्तो संयन्त्र बनाउनु पर्ला ?

## अनुसूची २

## संस्थागत बिद्यालयको शैक्षिक सुपरिबेक्षणले पाठ्यक्रम कार्यान्वयनमा पारेको प्रभाव

शिक्षक तथा प्र.अ.को लागि प्रश्नावली र अन्तर्वार्ता निर्देशिका

विद्यालयको नाम :
शिक्षक/प्र.अ.को नाम : ठेगाना :
योग्यता :

१) तपाईको विद्यालयको निरीक्षण तथा अनुगमन कति गर्नु भएको छ ?

२) सबैभन्दा बढी विद्यालयको अनुगमन कसले गर्नु पर्छ ?

३) विद्यालयका उद्देश्यहरु पूरा गर्न प्र.अ. ले कस्तो भूमिका खेल्नु पर्छ ?

४) विद्यालयलाई सुचारुरुपले सञ्चालन गर्न कसले के गर्नु पर्छ होला ?

५)विद्यालय सञ्चालनमा संघ संस्थाको भूमिका कस्तो हुनुपर्छ ?

६) तपाईको विद्यालयमा अभिभावकहरु आउछन् कि आउदैनन् ?

७) विद्यालय सञ्चालनमा अभिभावकको भूमिका कस्तो हुनुपर्छ ?

८) विद्यालयलाई सुचारुरुपले सञ्चालन गर्न निरीक्षण तथा अनुगमनको कत्तिको महत्व रहन्छ ?

९) शैक्षिक सुपरिबेक्षणका समस्याहरु के के छन् ?

१०) के शैक्षिक सुपरिबेक्षणले पाठ्यक्रमको कार्यान्वयनमा प्रभाव पार्छ ?

११) बिद्यालयको निरीक्षण तथा अनुगमनलाई प्रभावकारी बनाउन केन्द्रीय, जिल्ला र स्थानीय स्तरमा कस्तो संयन्त्र बनाउनु पर्ला ? सुझावहरु दिनुहोस् ।

## अनुसूची ३

**संस्थागत बिद्यालयको शैक्षिक सुपरिबेक्षणले पाठ्यक्रम कार्यान्वयनमा पारेको प्रभाव**

वि.व्य.स.का लागि अन्तर्वार्ता निर्देशिका

विद्यालयको नाम :

नाम : ठेगाना :

पद : योग्यता :

१) तपाईले विद्यालयको निरीक्षण तथा अनुगमन कति गर्नु भएको छ ?

२) सबैभन्दा बढी विद्यालयको अनुगमन कसले गर्नु पर्छ ? बताउनुहोस् ।

३) विद्यालयका उद्देश्यहरु पूरा गर्न बिद्यालय व्यवस्थापन समितिले के ले कस्तो भूमिका खेल्नु पर्छ ?

४) विद्यालयलाई सुचारु रुपले सञ्चालन गर्न कसले के गर्नु पर्छ होला ?

५) विद्यालय सञ्चालनमा सरोकारवाला तथा संघ संस्थाको भूमिका कस्तो हुनुपर्छ ?

६) तपाईको विद्यालयमा बि.नि. तथा स्रोत ब्यक्तिहरु आउछन् कि आउदैनन् ?

७) विद्यालय सञ्चालनमा अभिभावकको भूमिका कस्तो हुनुपर्छ ?

८) विद्यालयलाई सुचारुरुपले सञ्चालन गर्न निरीक्षण तथा अनुगमनको कत्तिको महत्व रहन्छ ?

९) शैक्षिक सुपरिबेक्षणका समस्याहरु के के छन् ?

१०) के शैक्षिक सुपरिबेक्षणले पाठ्यक्रमको कार्यान्वयनमा प्रभाव पार्छ ?

११) बिद्यालयको निरीक्षण तथा अनुगमनलाई प्रभावकारी बनाउन के गर्नु पर्ला ? सुझावहरु दिनुहोस् ।

## अनुसूची ४

**संस्थागत बिद्यालयको शैक्षिक सुपरिबेक्षणले पाठ्यक्रम कार्यान्वयनमा पारेको प्रभाव**

स्रोतव्यक्ति / वि.नि.का लागि अन्तर्वार्ता निर्देशिका

बिद्यालयको नाम : ठेगाना :

नाम : ठेगाना :

पद : योग्यता :

१) तपाइले अनुगमन गरेका बिद्यालयहरुको वर्तमान अवस्था कस्तो छ ?

२) बिद्यालय अनुगमन गर्न तपाई महिनामा कति पटक बिद्यालय्र जानुहुन्छ ?

क) महिनामा १ ......पटक ख) कहिलेकाही ग) जान्न

३) बिद्यालय प्रभावकारी रुपमा सञ्चालन गर्न सवैभन्दा बढी भूमिका कस्को हुनुपर्छ ?

४) बिद्यालय निरीक्षण तथा अनुगमन सम्वन्धमा निर्देशिकामा कस्तो व्यवस्था छ ?

५) बिद्यालयलाई प्रभावकारी रुपमा सञ्चालन गर्न के गर्नु पर्छ ?

६) बिद्यालय सञ्चालनमा निरीक्षण तथा अनुगमनको कस्तो भूमिका हुन्छ ?

७) बिद्यालयको निरीक्षण तथा अनुगमनमा को वढी जिम्मेवार हुनुपर्छ ?

८) बिद्यालय सञ्चालनमा स्थानीय निकाय र जि.शि.का.को कस्तो भूमिका हुनुपर्छ ?

९) के शैक्षिक सुपरिबेक्षणले पाठ्यक्रमको कार्यान्वयनमा प्रभाव पार्छ ?
१०) बिद्यालयको लागि सवैभन्दा बढी को जिम्मेवार हुनु पर्छ ?

क) अभिभावक ख) स्थानीय निकाय ग) जि.शि.का., शिक्षा विभाग घ) संघसंस्था

११) बिद्यालयको सुपरिबेक्षणमा के कस्ता समस्याहरु छन् ? ती समस्याको समाधान कसरी गर्न सकिन्छ ?

१२) बिद्यालय निरीक्षण तथा अनुगमनको लागि भरपर्दो संयन्त्र छ ? बिद्यालयको निरीक्षण तथा अनुगमनलाई प्रभावकारी बनाउन केन्द्रीय, जिल्ला र स्थानीय स्तरमा कस्तो संयन्त्र बनाउनु पर्ला ?